# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पचरौता नगरपालिका

बारा




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## पचरौता नगरपालिका
### बारा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पचरौता नगरपालिका

बारा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय** मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ७८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
पचरौता नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बारा ।

**कैफियत सहितको राय**

हामीले पचरौता नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ६४ लाख ३७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिकृया प्राप्त पश्चात बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५५ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८६ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु १ करोड २४ लाख २८ हजार र पेश्की रू. ३२ लाख ७६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २१ करोड ५६ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु २५ करोड ५५ लाख ९० हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

पचरौता नगरपालिका, बारा

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ९४ | १६२ | ५६४३७ | ० | १९ | १६४९८ | ९४ | १४३ | ३९९३८ | ५५५० | १२४२८ | १८६९२ | ० | ० | ३११२० | ३२७६ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १२.१ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बैठक भत्ताको भरपाई नभएको सम्परीक्षण गरिएको | २६७७५ |
| २ | १६.१ | मिति २०७९।१२।२१ को निर्णयअनुसार विल भरपाई नभएको सम्परीक्षण गरिएको | ९९००० |
| ३ | २०.२ | मिति २०७९।१२।२१ को निर्णयअनुसार स्रेस्ता पेश नभएको सम्परीक्षण गरिएको | ४८६७७५ |
| ४ | ३१.१ | मिति २०७९।१२।२३ को निर्णयअनुसार वितरण भरपाई नभएको सम्परीक्षण गरिएको | ४५३९५१ |
| ५ | ४६.२ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बढी भुक्तानी भएको सम्परीक्षण गरिएको | १००४०० |
| ६ | ४७.२ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बढी भुक्तानी भएको सम्परीक्षण गरिएको | ३२०० |
| ७ | ४८.३ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बढी भुक्तानी भएको सम्परीक्षण गरिएको | ५४२०० |
| ८ | ५१.२ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बढी भुक्तानी भएको सम्परीक्षण गरिएको | २२१००६ |
| ९ | ५२.२ | मिति २०७९।१२।२१ को निर्णयअनुसार पारिश्रमिक कर कट्टा नभएको सम्परीक्षण गरिएको | ७९८७ |
| १० | ५६ | मिति २०७९।१२।२१ को निर्णयअनुसार बढी भुक्तानी भएको सम्परीक्षण गरिएको | १६०० |
| ११ | ६२.१ | मिति २०७९।१२।२१ को निर्णयअनुसार सा सु रकम फिर्ता गर्नुपर्ने सम्परीक्षण गरिएको | १५०४३३१० |
| जम्मा | | | १६४९८२०४ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पचरौता नगरपालिकाबारा | २१५६३६ | ० | | २१५६३६ | ८ | ३९९४६ | २५५५९० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पचरौता नगरपालिका, बारा ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्याम प्रसाद यादव | २०७७-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हासिम मियाँ अँसारी | २०७६-९-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,९४५,९८०.५५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,०९,३०,५५२.१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,०१,५३,००० | **चालु खर्च** | २५,३५,६८,५९०.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५६,०९,००० | **पूँजीगत खर्च** | १०,३७,१५,९२७ |
| **राजश्व बाँडफाँट** | ८,२४,१६,४६८.४५ | **वित्तीय/अन्य व्यवस्था** | १३,२७,५९,६२५.८३ |
| **आन्तरिक आय** | २,६७,६७,९५३.३९ | | |
| **अन्य आय** | १३,८४,६१,४०५.०२ | | |
| **कुल आय** | ५८,३४,०७,८२६.८६ | **कुल खर्च** | ४९,००,४४,१४३.६३ |
| **बाँकी मौज्दात** | | १०,४२,९४,२३५.३३ | |

| क्रम | भौचर नं. | भौ. मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुयस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा रहेको छ भने क्षेत्रफल ४४.४१ वर्ग किलोमिटर रहेको | |

छ ।

२ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,६६,५३,७१०.२० | ४४,७८,५९,६३९.०३ | | ४४,७८,५९,६३९.०३ | २,८३,९४,१८९.६० | | २,८३,९४,१८९.६० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५,००,४५,६०५.९० | ४४,१७,०४,४९०.०३ | ० | ४४,१७,०४,४९०.०३ | ० | ० | ० |
| ११००० कर | ११ | १७,७५,२४,०००.०० | ८,८०,३९,८२९.९८ | ० | ८,८०,३९,८२९.९८ | ० | ० | ० |
| १३००० अनुदान | | ३३,७०,६२,०००.०० | ३३,५७,६२,०००.०० | ० | ३३,५७,६२,०००.०० | ० | ० | ० |
| संघीय सरकार | १२ | ३२,१४,५३,०००.०० | ३२,०१,५३,०००.०० | ० | ३२,०१,५३,०००.०० | ० | ० | ० |
| प्रदेश सरकार | १२ | १,५६,०९,०००.०० | १,५६,०९,०००.०० | ० | १,५६,०९,०००.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ३,४९,५९,६०५.९० | १,७४,०२,६६०.०५ | ० | १,७४,०२,६६०.०५ | ० | ० | ० |
| १५००० विविध प्राप्ति | | ५,००,०००.०० | ५,००,०००.०० | ० | ५,००,०००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६६,०८,१०४.३० | ६१,५५,१४९.०० | | ६१,५५,१४९.०० | २,८३,९४,१८९.६० | | २,८३,९४,१८९.६० |
| कोषहरु | | ६६,०८,१०४.३० | ४९,३२,५६४.०० | ० | ४९,३२,५६४.०० | २,७९,४३,१८९.६० | ० | २,७९,४३,१८९.६० |
| धरौटी | | ० | १२,२२,५८५.०० | ० | १२,२२,५८५.०० | ४,५१,०००.०० | ० | ४,५१,०००.०० |
| भुक्तानी (ग+घ) | | ५६,७५,८४,२६२.३० | ३५,७२,८४,५१७.८० | | ३५,७२,८४,५१७.८० | ४५,५०,३३,५१८.०२ | | ४५,५०,३३,५१८.०२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,०९,७६,१५८.०० | ३५,३९,०४,६८०.१२ | | ३५,३९,०४,६८०.१२ | ४४,९८,१७,५१७.९० | | ४४,९८,१७,५१७.९० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,४५,१८,९९९.०० | १२,९८,१२,१००.६२ | ० | १२,९८,१२,१००.६२ | १२,०२,६६,६९६.८० | ० | १२,०२,६६,६९६.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,६९,२९,४४४.०० | १०,१४,४३,७३१.२५ | ० | १०,१४,४३,७३१.२५ | १०,९९,७७,०४२.९७ | ० | १०,९९,७७,०४२.९७ |
| २५००० सहायता (क्गदकष्मथ० | १८ | ३,००,०००.०० | ० | ० | ० | १,००,०००.०० | ० | १,००,०००.०० |
| २६००० अनुदान | १८ | १,४७,१८,०००.०० | ११,३७,५९६.०० | ० | ११,३७,५९६.०० | १,९४,०४,८७९.०० | ० | १,९४,०४,८७९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,३९,३८,७१३.०० | ६६,०२,२१०.१५ | ० | ६६,०२,२१०.१५ | ७९,८२,०००.०० | ० | ७९,८२,०००.०० |
| २८००० अन्य खर्च | १८ | ३,८१,४८,३२९.०० | १,११,९३,११५.१० | ० | १,११,९३,११५.१० | ३,२८,०५,२२२.१३ | ० | ३,२८,०५,२२२.१३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,२४,२२,६७३.०० | १०,३७,१५,९२७.०० | ० | १०,३७,१५,९२७.०० | १५,९२,८१,६७७.०० | ० | १५,९२,८१,६७७.०० |
| घ. अन्य भूक्तानी | | ६६,०८,१०४.३० | ३३,७९,८३७.६८ | | ३३,७९,८३७.६८ | ४५,५०,३३,५१८.०२ | | ४५,५०,३३,५१८.०२ |
| कोषहरु | | ६६,०८,१०४.३० | ४४,२७,६९२.५६ | ० | ४४,२७,६९२.५६ | ३०,७०,२२३.३० | ० | ३०,७०,२२३.३० |
| धरौटी | | ० | ४०,११,१४७.०० | ० | ४०,११,१४७.०० | २१,४५,७७६.८२ | ० | २१,४५,७७६.८२ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | ९५०,५९,००१.८८) | | ९५०,५९,००१.८८) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ९१,०९,३०,५५२.१०) | ९,०५,७५,१२१.२३ | | ९,०५,७५,१२१.२३ | ९४२,६६,३९,३२८.४२) | | ९४२,६६,३९,३२८.४२) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,६०,८१,८४८.४२ | | १,६०,८१,८४८.४२ | ३४,९६,०६७.३२ | | ३४,९६,०६७.३२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९१,०९,३०,५५२.१०) | १०,६६,५६,९६९.६५ | | १०,६६,५६,९६९.६५ | ९४२,३१,४३,२६१.१०) | | ९४२,३१,४३,२६१.१०) |
| बैंक तथा नगद बाकी | २४ | | १०,६६,५६,९६९.६५ | | १०,६६,५६,९६९.६५ | ९,९७,३०,७४८.६१ | | ९,९७,३०,७४८.६१ |

<table>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण तर्फः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>घटी जिम्मेवारी - स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७८/०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोषमा गत बर्ष रु ४,६३,८८,८३१.१८ बाँकी मौज्दात रहेकोमा यो बर्ष रु १,०९,३०,५५२.१० मात्र जिम्मेवारी सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु ३,५४,५८,२७९.१८ जिम्मेवारी नसारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ९,६८,३१,३२९, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु २,८९,८८,८०० र अन्य खर्च रु ४५,७६,७६२ समेत गरी कुल रु १३,०३,९६,८९१ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>फरक हिसाव – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. यस वर्षको प्राप्ति रु. यस वर्षको भुक्तानी रु. र बैङ्क मौज्दात रु. फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति (आय)</th><th>यसवर्षको भुक्तानी (व्यय )</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१,६०,८१,८४८</td><td>४४,७८,५९,६३९.०३</td><td>३५,७२,८४,५१७.८०</td><td>१०,६६,५६,९६९.६५</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१,०९,३०,५५२.१०</td><td>५८,३४,०७,८२६.८६</td><td>४८,७६,८१,४०९.३१</td><td>१०,६६,५६,९६९.६५</td></tr>
<tr><td>फरक</td><td>५१,५१,२९५.९०</td><td>१३,५५,४८,१८७.८३</td><td>१३,०३,९६,८९१.५१</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. १,५४,१२,८४८.६९ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु १,०९,३०,५५२.१० मात्र जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारेको रु ४४,८२,२९६.५९ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी खातागत भिन्नता सम्बन्धमा बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । आर्थिक बर्षको अन्त्यमा साट्न बाँकी चेक नरहेको अवस्थामा स्रेस्ता र बैंक मौज्दात बराबर हुनुपर्ने नभएकोले फरक मौज्दात रु ७,८४,४८५ को सम्बन्धमा एकिन गरी हिसाब मिलान पेश गर्नुपर्ने रु</td><td>७८४,४८५</td></tr>
</table>

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५,४१,०५,७५३.७९ | ७,२६,५५,७५३.७९ | (१,८५,५०,०००) |
| चालु खर्च खाता | ३,४५,७१,४१५.३७ | ७८,४०,१५४.९४ | २,६७,३१,२६०.४३ |
| पुँजीगत खर्च खाता | ९४,५५,७४९.०९ | ५,६९,४७६ | ८८,८६,२७३.०९ |
| विविध खर्च खाता | ६,६५,२३२.४४ | ६,६५,२३२.४४ | ० |
| विपद व्यवस्थापन खाता | ० | ० | ० |
| आन्तरिक राजस्व खाता | ० | ८८,२५,६०१.७१ | (८८,२५,६०१.७१) |
| धरौटी मौज्दात | २३,६२,७३४.३२ | ३१,४७,२१९.५० | (७,८४,४८५.१८) |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ५४,९६,०८४.६४ | १,३७,३८,०१६.४७ | (८२,४१,९३१.८३) |
| **जम्मा** | **१०,६६,५६,९६९.६५** | **१०,७४,४१,४५४.८५** | **७,८४,४८५.२०** |

| | | | | |
|---|---|---|---|---|
| ४.६ | | | **कट्टी रकम दाखिला -** पालिकाको वित्तीय प्रतिवेदन २७२ ले आर्थिक बर्षको अन्त्यमा विभिन्न कट्टि रकमहरु दाखिला गर्न बाँकी रु ५०,५९,००१ देखाएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कट्टि रकमहरु सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश नभएकोले पेश गर्ने रु | ५,०५९,००१ |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा र एकिकृत स्वास्थ्य पूर्वाधार शिर्षक तर्फको खर्चको मात्र आन्तरिक लेखापरीक्षण गराएको अन्य वित्तीय हस्तान्तरण बाट भएको खर्च तथा आन्तरिक आय तर्फ आन्तरिक लेखापरीक्षण गराएको पाइएन ।<br>• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा खर्च गरेको पाइयो । | |
| ६ | | | **योजना तथा बजेट कार्यान्वयन -** यस बर्ष योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था कार्यान्वियन गर्न आवधिक योजना र मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।<br>• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वियन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• आयोजना छनौट गर्दा पूँजिगत तर्फ कुल आयोजना संख्या रहेकोमा रु ५ लाख मुनीका आयोजना संख्या मात्रै रहेको देखिएकोले स साना टुक्रे | |

| | | | | |
|---|---|---|---|---|
| | | | आयोजना छनौट गर्ने प्रवृत्तिले यस बर्ष पनि निरन्तरता पाएको देखियो ।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १० करोड ३७ लाख १६ हजार भएकोमा प्रथम त्रैमासिकमा कुनै पनि खर्च नभएको, दोश्रो त्रैमासिकमा रु ४ करोड ८६ लाख ३९ हजार, तेस्रो त्रैमासिकमा रु २ करोड ३ लाख २४ हजार, चौथो त्रैमासिकमा रु ३ करोड ४७ लाख ५३ हजार र असार महिनामा मात्रै रु ६ लाख १३ हजार भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्च गर्नुपर्दछ ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा अवण्डा वजेट राख्न नमिल्ने सम्वन्धि व्यवस्था छ । गाउँसभाले बजेट विनियोजन गर्दा वडा नं ७ मा भौतिक पूर्वाधार विकास भनी एकमुष्ठ रु बिनियोजन गरेको पाइयो । एकमुष्ठ बजेट राखि आवश्यकता अनुसार पछि बजेट बाडँफाडँ गर्ने कार्य पूर्ण नियन्त्रण भएको देखिएन ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु १० करोड ३७ लाखको पूँजिगत खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. १ करोड ९९ लाख ४७ हजार रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन ।<br>• पालिकाको स्थानीय राजस्व क्षमताको खास अध्ययन गरी सोही अनुरुप राजस्व परिचालनको लागि विधि, उपकरण तथा जनशक्ति परिचालन भएको पाइएन ।<br>• मर्मत सम्भार कोष लगायतका कोषहरुको कार्यविधि कानून बनाइ कार्यान्वयन गरेको पाइएन ।<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको देखियो ।<br>• स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन ।<br>• पालिकाले आफ्नो स्वामित्वमा रहेका सबै प्रकारका चल अचल सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, साबिक गाउँ विकास समिति र बिषयगत कार्यालयबाट हस्तान्तरण भइ आएका सम्पत्तिहरुको स्पष्ट अभिलेख नराखेको तथा जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन लिई कार्यान्वयन गरेको पाइएन । लेखापरीक्षणको क्रममा जिन्सी सम्बन्धी अभिलेखहरु पनि पेश नभएकोले जिन्सी समानहरुको प्राप्ती, उपयोग तथा संरक्षण सम्बन्धी अभिलेख प्रणालीको बिष्लेषण गर्न सकिएन । जिन्सी व्यवस्थापनमा कमजोरी गर्ने सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।<br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७ | | | **ठेक्का व्यवस्थापन -** पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः<br>• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,<br>• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।<br>• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।<br>• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।<br>• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।<br>• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको । <br>• समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको । <br>• अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएको । <br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको । <br>पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्यांकन कार्यालाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ । | |
| ८ | | | **उपभोक्ता समिति परिचालन -** पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको, प्रत्येक चरणको गुणस्तर प्रमाण संलग्न नगरेको, बर्षेनी खण्ड खण्डमा आयोजनाको काम भएकोमा एकिकृत नापी किताब र आयोजनागत एकिकृत खर्च विवरण तयार नगरेको लगायका कमजोरीहरुका कारण उपभोक्ता समितिबाट भएका सबै कार्य मितव्ययी र गुणस्तरीय तवरले समयमै भएको छ भनी आश्वस्त हुन सकिएन । उपभोक्ता समिति परिचालन सम्बन्धी देखिएका निम्नानुसारका कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ । <br>• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।साथै मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको । <br>• सबै प्रकारका आयोजनाको प्रत्येक चरणमा गुणस्तर प्रमाण संलग्न नगरेको । <br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको । <br>• लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको । <br>• लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको । <br>• पालिकाको योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण तथा उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका बनाई कार्यान्वयनमा नल्याएको । <br>• उपभोक्ता समितिले सञ्चालन गरेका कतिपय आयोजनाहरुमा अनुगमन समितिले अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग नगरेको र सबै आयोजनामा अनुगमन समिति संयोजक सहित सबै पदाधिकारीले अनुगमन नगरेको । <br>• उपभोक्ता समितिले आयोजना फरफारकको लागि पेश गरेको डोर हाजिर प्रमाणित नगरेको र कार्य सम्पन्न शुरु हुनु भन्दा अघिको र कार्य सम्पन्न पश्चातको फोटो मिति समेत खुलाई राख्ने नगरेको । <br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । <br>• भवन, सिचाई जस्ता एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा सो को एकिकृत आयोजनागत खर्च विवरण र एकिकृत नापि तयार नगरेको ।स साना भवन जस्ता संरचनामा केही खण्डको मात्र कार्य गराई कार्य सम्पन्न तयार गर्ने गरेको । | |

<table>
<tr><td>९</td><td></td><td></td><td>

**पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई बाँकी रहेको निम्नानुसारको म्याद नाघेको पेश्की रु.२८२६३४३.९ फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

<table>
<tr><th>पेश्की लिएको मिति</th><th>भौ.न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती</th><th>पेश्की<br>म्याद नाघेको</th></tr>
<tr><td>२०७८/०८/१७</td><td>६७</td><td>बिमा तथा नवीकरण खर्च</td><td>दिपक प्रसाद चौधरी</td><td>७०००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>पुनर्ताजगी तालिम</td><td>प्रमोद प्रसाद यादव</td><td>२०००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>बिधार्थीहरुको लागि हाजरी जवाफ</td><td>प्रमोद प्रसाद यादव</td><td>१५००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>कर्मचारीहरुलाइ क्षमता अभिबृद्धि कार्यक्रम</td><td>प्रमोद प्रसाद यादव</td><td>१०००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>राष्ट्रपति रनिंग सिल्ड प्रतियोगिता कार्यक्रम</td><td>प्रमोद प्रसाद यादव</td><td>१०००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>बिधालय कर्मचारीहरुलाइ पुनर्ताजगी तालिम</td><td>प्रमोद प्रसाद यादव</td><td>८००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७</td><td>बालबिकास सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम गोष्ठी</td><td>प्रमोद प्रसाद यादव</td><td>८००००.</td></tr>
<tr><td>२०७८/१२/१८</td><td>७४</td><td>राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तह्स्तरीय)</td><td>प्रमोद प्रसाद यादव</td><td>१०००००.</td></tr>
<tr><td>२०७८/०६/२३</td><td>८</td><td>विविध खर्च</td><td>अंशिक राम</td><td>२०००००.</td></tr>
<tr><td>२०७८/०९/१२</td><td>२७</td><td>किसान सूचीकरण कार्यक्रम</td><td>सोनालाल पटेल</td><td>३०००००.</td></tr>
<tr><td>२०७८/०९/१२</td><td>२८</td><td>कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम</td><td>सोनालाल पटेल</td><td>१०००००.</td></tr>
<tr><td>२०७८/०९/२२</td><td>१२३</td><td>कम्बल खरिद तथा वितरण</td><td>राजाराम प्रसाद साह</td><td>३०००००.</td></tr>
<tr><td>२०७८/०९/२२</td><td>१२३</td><td>विविध खर्च</td><td>राजाराम प्रसाद साह</td><td>२५००००.</td></tr>
<tr><td>२०७८/१२/२४</td><td>५३</td><td>वडा न. २ श्रीनगरबैरियाको मस्जिदमा ट्रष्ट निर्माण</td><td>चन्दा कुमारी यादव</td><td>१४००००.</td></tr>
<tr><td>२०७९/०३/३१</td><td>४०७</td><td>बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि</td><td>सचिन्द्र प्रसाद यादव</td><td>२६३४३.९</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>२८२६३४३.९</td></tr>
</table>

</td><td>२,८२६,३४३.९</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>पारिश्रमिक खर्च परीक्षणः</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका तर्फ रु. ३,४४,०७,४३२</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ रु ६,५५,८३,६५५ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| १०.२ | | | **करार कर्मचारी** - यस पालिकाले बिभिन्न पदमा गत बिगत देखि करार नियुक्त गरेको देखियो । पालिकाको लागि आवश्यक कर्मचारीको दरबन्दी सम्बन्धी संगठन तथा व्यवस्थापन सर्वे गरी एकिन नगरी कार्यपालिकाको निर्णय अनुसार ब्यक्तिगत रुपमा ठुलो संख्यामा नियुक्ति गरी बजेट खर्च नम्वर करार सेवा शुल्क शीर्षकबाट रु १,४०,९८,११३ पारिश्रमिक भुक्तानी खर्च लेखेको छ । यसरी कर्मचारी नियुक्ति गरेको उपयुक्त देखिएन । संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १०.३ | | | **थप महिनाको तलब** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। तर पालिकाले थप महिनाको तलब दिने गरी कुनै कानून बनाएको देखिएन । यस्तो खर्च कानूनद्वारा व्यवस्थित हुनुपर्दछ । | |

| कर्मचारीको नाम | महिना | तलब | ग्रेड | रकम |
|---|---|---|---|---|
| प्रप्रअ श्याम प्रसाद यादब | २ | ३७९९० | १२६७० | १०१३२० |
| प्रमोद प्रसाद यादब | २ | ४२३८० | ७०६५ | ९८८९० |
| नबल किशोर यादब | २ | ३७९९० | १२६७ | ७८५१४ |
| हसिम मिया अंसारी | २ | ३०२०० | २०१४ | ६४४२८ |
| दिपक प्रसाद चौधरी | २ | ३०२०० | ० | ६०४०० |
| पिटर थारु | १ | ३०२०० | २०१४ | ३२२१४ |
| बृजा प्रसाद बरै | १ | २८६१० | १९०८ | ३०५१८ |
| **जम्मा** | | | | ४६६२८४ |

| | | | | |
|---|---|---|---|---|
| १०.४ | | | **सल्लाहकार खर्च** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धीऐन, २०७५ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीयसचिव । सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालनऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले कानुनी सल्लाहकार, पिए, राजनैतिक सल्लाहकार र प्रेस सल्लाहकार नियुक्त गरी निम्नानुसार रु. ११,९३,३९० भुक्तानी गरेको उचित नदेखिएको रु | १,१९३,३९० |

| नाम | पद | मासिक तलब | महँगी भत्ता | बार्षिक रकम |
|---|---|---|---|---|
| ओम प्रकास केशरी | कानुनी सल्लाकार | ३७९९० | २००० | ४०७९०० |
| प्रदिप कुमार यादब | मेयर पिए | २८२०० | २००० | ३२८००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अकलेश यादब</td><td>राजनैतिक सल्लाकार</td><td>२३८५०</td><td></td><td>२४८५००</td></tr>
<tr><td>सिकेन्दर साह</td><td>प्रेश सल्लाकार</td><td>२२११०</td><td></td><td>२०८९९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>पदाधिकारी सुविधा - मधेस प्रदेशले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । पालिकाले यो बर्ष पदाधिकारीको बार्षिक सुविधामा रु. ७७,५२,५०० खर्च लेखेको देखिन्छ। उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>बैठक भत्ता परीक्षणः</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>बैठक भत्ता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । निम्नानुसार बैठक भत्ता खर्चमा रकम बुझेको भर्पाइ नभएकोले उक्त रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ. नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>बैठक भत्ता रकम</th><th>भर्पाइ अपुग</th></tr>
<tr><td>३१२</td><td>अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण समन्वय समितिको बैठक हिनाकुमारी शर्मा</td><td>३३,०००.००</td><td>१२७५</td></tr>
<tr><td>३६३</td><td>किसान सुचिकरण र मलबितरण बैठक भता रु हिरामुनी कुमारी शर्मा रु १७८५०</td><td>१७८८०</td><td>१७८५०</td></tr>
<tr><td colspan="3">जम्मा रु</td><td>४५९००</td></tr>
</table>
........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. २६७७५ सम्परीक्षण गरिएको ।)</td><td>१९,१२५</td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>बैठक भत्ता - मधेश प्रदेश द्धारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को नियम १४ मा कार्यालय समयमा बैठक भत्ता दिन नपाउने उल्लेख छ । यस सम्बन्धमा पालिकाले आफ्नो छुट्टै मापदण्ड बिकास गरेको देखिएन । आफ्नो मापदण्ड नरहेकोमा संघीय वा प्रदेश सरकारले बिकास गरेको मापदण्ड पालना गरी खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन । तसर्थ बोलपत्र खोल्ने समय कार्यालय समयभित्र पर्ने भएतापनि नगरपालिका चालु तर्फको भौचर नं ३८, ९७, १४८ र २२८ बाट कुल रु ६,०८,००० बैठक भत्ता बापत खर्च लेखेको पाइयो । यसरी उक्त निर्देशिकाले तोकेको भन्दा भिन्न तरिकाले बैठक भत्ता दिएको उचित नदेखिएको रु</td><td>६०८,०००</td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>भर्पाइ पेश नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । निम्नानुसार बैठक भत्ता खर्चमा रकम बुझेको भर्पाइ श्रेस्तासाथ नभएको रु
<table>
<tr><th>भौ. नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>बैठक भत्ता रकम</th><th>भर्पाइ नभएको रकम</th></tr>
<tr><td>२०६</td><td>वडा नं ७ को बैठक भता</td><td>१,२६,०००.००</td><td>१२६०००</td></tr>
<tr><td>२०५</td><td>वडा नं १ का वडा सचिव श्री महबुब आलम मंसुरीलाई</td><td>१,२६,०००.००</td><td>१२६०००</td></tr>
</table>
</td><td>३६७,५००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | २१४ \| वडा नं ६ का वडा सचिव श्री गंगा प्रसाद साहलाई \| १,१५,५००.०० \| १,१५,५०० <br> **जम्मा** \| **३६७५००** | |
| १३ | | | **नगरपालिका चालुः** | |
| १३.१ | | | **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यबिधि तथा बितिय उतरदायित्व ऐन २०७६ र नियमावली २०७७ अनुसार बजेट खर्च गर्दा स्वीकृत बजेट शिर्षकको अधिनमा रहि खर्च गर्नुपर्नेमा शिर्षक फरक पारी खर्च गरेको देखियो । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |

| गौश्वरा भौचर | भुक्तानी पाउनेको नाम | बिनियोजित शिर्षक | खर्च शिर्षक | रकम |
|---|---|---|---|---|
| २१ | मंजु देवी कलवार | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ८६५५० |
| २२ | सन्त कुमार साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९५१०० |
| २३ | संजय कुमार पासवान | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९९९४५ |
| ४५ | संजय कुमार पासवान | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९८०५० |
| ९८ | मंजु देवी कलवार | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ३७५०० |
| ९९ | रामईश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९९२०० |
| १०१ | संजय कुमार बैठा | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ७९१०० |
| १०२ | बिरेन्द्र कुमार बैठा | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ५११५० |
| १६३ | रामईश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | १००००० |
| १८० | सिदार्थ स्वीट्स | मसलन्द तथा कार्यालय सामाग्री | १३०० खाजा नास्ता दर रु १५० | २२०३५० |
| २११ | रामईश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ८८६१० |
| २१२ | मंजु देवी कलवार | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ५९५७० |
| २२९ | चन्देश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९६००० |
| ३११ | मंजु देवी कलवार | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ९८९०० |
| ३१० | रामईश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ८८०८५ |
| ३४२ | रामईश्वर साह | मसलन्द तथा कार्यालय सामाग्री | खाजा नास्ता | ४१००० |
| २७३ | जानकी आयल | बिबिध खर्च | इन्धन खर्च | २४४००३ |

| | | | | |
|---|---|---|---|---|
| २७७ | जानकी आयल | बिबिध खर्च | इन्धन खर्च | ४६९०४३ |
| ३३८ | टि.बि.आई.पब्लिकेशन्स प्रा.लि. | मसलन्द तथा कार्यालय सामाग्री | सुचना प्रकाशन | २१५१५२ |
| ३५८ | चौधरी मोटरसाईकल रिपेयरिङ्ग वर्कशप | मसलन्द तथा कार्यालय सामाग्री | सवारी साधन मर्मत | ४६३१४५ |
| ३५६ | तरा मधेश राष्ट्रिय द निक | मसलन्द तथा कार्यालय सामाग्री | सुचना प्रकाशन | १११९८५ |

| | | | | |
|---|---|---|---|---|
| १३.२ | | | **बिड डकुमेन्ट खर्च** - गो. भौ. नं.: २४४ वडा नं ४ बेल्दारी स्कूल बिल्डिङ्गको बिड डकुमेन्ट तयारी खर्च सब-ईन्जिनियर श्री कलिमुल्लाह अंसारीलाई भुक्तानी रु १,१३,००० समिर कन्ट्रकसन एण्ड कन्सल्टेन्सी प्राली को बिजक पेश गरी भुक्तानी दिएको पाइयो । बिड डकुमेन्ट जस्तो कार्यालयका प्राविधिक कर्मचारीहरुले नियमित प्रकृतिको कार्य अन्तर्गत गर्नुपर्ने कामको लागि कन्स्ल्टेन्सीको लागि भुक्तानी दिनु उचित नदेखिएको रु | ११३,००० |
| १३.३ | | | **आर्थिक सहायता** - कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई व्यवस्थित गर्नुपर्ने भनी गत विगतमा सुझाव दिंदै आएकोमा उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षक बाट रु ९,९९,५८३ र आर्थिक सहयता अन्य सामाजिक सुरक्षा शिर्षकमा रु ७,००,००० वितरण गरेको देखिन्छ। कतिपय व्यक्तिहरुलाई सहायत बितरण गर्दा सहायता दिनुको कारण खुल्ने पर्याप्त कागजात समेत संलग्न गरेको देखिदैन । उल्लिखित कमजोरीमा सुधार गर्दै यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ । | |
| १३.४ | | | **गैरसरकारी संस्थाबाट काम गराएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी रु. १,०५,७७,२६३ खर्च लेखेको छ । यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु उचित देखिएन । संघीय तथा प्रदेश खर्च मापदण्डको आधारमा इकाइगत लागत अनुमान तयार गर्ने र सोही आधारमा खरिद ऐन तथा नियमावलीको सबै प्रक्रिया पुरा गरेर मात्र गैरसरकारी संस्था मार्फत कार्य गराइनुपर्दछ । | |

| | भौ. नं. | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | खर्च |
|---|---|---|---|---|
| | २१८ | महिला हिंसा सम्बन्धि जनचेतनामुलक कार्यक्रम | समाज विकास नेपाल | २९३००० |
| | २४१ | महिला हिंसा सम्बन्धि जनचेतनामुलक कार्यक्रम | समर्पण नेपाल | १,४९,६२४ |
| | २०० | बिधालय स्तरिय बालमैत्रीस्थानिय शासन प्रवर्धन कार्यक्रम | महिला बाल तथा समाज कल्याण केन्द्र | ४९७३१३ |
| | २०३ | साजिक कुप्रथा सम्बन्धि सडक नाटक | नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा.लि. | ४,९९,४६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २३७ | बालबिवाह/ दाइजो प्रथा/उत्पिडन सम्बन्धि जनचेनामुलक कार्यक्रम | न्यू फ्रेन्डस क्लव | १४,९२,८०९. | |
| | | | | २३८ | दलित महिलाहरुलाइ जनचेतनामुलक कार्यक्रम | स्वेक्षा टेक्निकल स्किल सेन्टर प्रा.लि. | ४,९८,६१२ | |
| | | | | ३१६ | बधवा महिलाहरुलाइ सम्मान कार्यक्रम | यूवा विकाश मञ्च | ४,९३,१६२ | |
| | | | | ३१७ | बिधालय भन्दा रहेका किशोरीहरुलाइ महिनावारी सरसफाइ सम्बन्धि तालिम तथा स्यानिटरी प्याड बितरण कार्यक्रम | साक<br>रात्मक पहल केन्द्र | ४,९८,३३० | |
| | | | | ३२९ | मेयर स्वच्छता अभियान कार्यक्रम | स्वेक्षा टेक्निकल स्किल सेन्टर प्रा.लि. | १४,९५,७३४ | |
| | | | | ३३० | गरिब/लित/बिपन्न/असहाय महिलाहरुलाइ अधिकार तथा उतरदायि्व सम्बन्धशिक्षण कार्यक्रम | गरीबी निवारण उत्थान तथा सचेतना नेपाल | १४,९६,९६१ | |
| | | | | ३३१ | नगर डकुमेन्ट्रि निर्माण | केयरधेश | ४,९७,५०० | |
| | | | | ३३२ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ग्रामिण जनजागरण समाज नेपाल | १,९७,९९९ | |
| | | | | ३३३ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ग्रामिण जनजागरण समाज नेपाल | २९७९९९ | |
| | | | | ३४४ | स्थानिय तहका कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ क्षमता अभिबृद्धि तालिम | नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा.लि. | १४,८८,२१०. | |
| | | | | ३४५ | ब्युटिसियनालिम | पिपल कृषि सहकारी संस्था लि. | १,८०,५५० | |
| | | | | ८३ | सरसफाइ सम्बन्धी तालिम | ग्रामीण समाज विकास केन्द्र | ५००००० | |

१३.५ **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| **भौचर नं** | **विवरण** | **रकम** |
|---|---|---|
| ५८ | २१० सेट खेलाडीको गेम सुट | ४९९१७७ |
| १३८ | ६०० थान कम्बल | ४९९५७३ |
| १३७ | ६०० थान कम्बल | ४,९९,५७३ |
| २८९ | ५० थान ट्याकसुट | १००००० |

१४ **नगरपालिका चालुः**

१४.१ **उपभोक्ता समितिको कार्य निर्माण ब्यवसायि बाट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन नहुने उल्लेख छ । निम्नानुसार उपभोक्ता समिति मार्फत गरिएको काममा उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराएको देखिदा उक्त खर्च अनियमित देखिएको साथै उक्त कार्यको नापि प्राबिधिक मुल्याकन कार्य सम्पन्न समेत पेश नभएकोले पेश गर्नुपर्ने रु ९२३,५२८

| गौश्वरा भौचर | उपभोक्ता समितिको नाम | काम | रकम | निर्माण ब्ययबसायिको नाम |
|---|---|---|---|---|
| २९५ | खानेपानी चापाकल वितरण उपभोक्ता समिति, श्रीनगर बैरिया | खानेपानी चापाकल बितरण कार्यक्रम वडा न २ | ९,२३,५२८ | बिजय ट्रेडिंग कन्सन |

१४.२ **कर्मचारीलाइ सोधभर्ना** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ र सम्बन्धित आपुर्तकलाइ भुक्तानी दिनुपर्नेमा पालिकाले नगरपालिका चालु तर्फ ६ वटा भौचरहरुबाट कार्यालय मसलन्द र सवारी साधन मर्मत शिर्षकमा रु ७,५४,७५२ भुक्तानी गर्दा सम्बन्धित आपुर्तकलाइ भुक्तानी नगरि कर्मचारीलाइ सोधभर्ना तथा भुक्तानी गरेको पाइयो । यसरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

१४.३ **तालिम** - गौश्वरा भौचर २४४ स्थानिय तहका कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ क्षमता अभिबृद्धि तालिम नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा.लि.लाइ रु १४,८८,२१०भुक्तानी भएको छ । ३० जनाको दरले ४ पटक तालिम दिने रहेकोमा १२७ जनालाइ तालिम दिएको हाजिरी पेश भएको देखिन्छ । मधेश प्रदेश सरकार द्वारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुची २ मा स्थानीय स्तरको तालिममा प्रशिक्षक भत्ता प्रति सत्र रु १४००, सहयोगी प्रति दिन भत्ता रु ४००, प्रतिबेदन रु २०००, सयोजक भत्ता प्रति दिन रु ४०० को मापदण्ड रहेको र सहभागी १२० र प्रशिक्षक सहायक प्रशिक्षक सहयोगी समेत १४४ जना भएकोमा खाजा तथा खाना खर्च लेख्दा २१६ जनाको खर्च लेखेको र स्टेशनरी सहभागी संख्या १२० को स्टेशनरी लेख्नुपर्नेमा २१६ जनाको खर्च लेखेको तथा मधेश प्रदेश द्धारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुची २ मा उल्लेखित दर भन्दा बढी दरले समेत भुक्तानी दिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ३५३,४००

| बिबरण | परिमाण | दिन | दर | रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्रशिक्षक भता | ८ | ३ | ५००० | १२०००० | ८६४०० |
| सहायक प्रशिक्षक भता | ८ | ३ | ३००० | ७२००० | ३८४०० |
| सहयोगी कर्मचारी | ८ | ३ | ५०० | १२००० | २४०० |
| प्रतिबेदन | १ | | १५००० | १५००० | १३००० |
| संयोजक तलब | १ | | ३८००० | ३८००० | ३३२०० |
| सुपरभाइजर तलब | १ | | ३०००० | ३०००० | २५२०० |
| खाना | २१६ | ३ | ३५० | २२६८०० | ७५६०० |
| खाजा | २१६ | ३ | २०० | १२९६०० | ४३२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| स्टेशनरी | २१६ | | २५० | ४५००० | २७००० |
| पानि | २१६ | ३ | ५० | २७००० | ९००० |
| **जम्मा** | | | | | **३५३४००** |

पालिकाले अन्य गैरसरकारी संस्थाबाट तालिम संचालन गर्दा मधेश प्रदेश द्धारा जारी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुची २ मा उल्लेखित दर अनुसार खर्च भए नभएको एकिन गर्नुपर्दछ।

१५ **बितरणमुखी खर्चः**

१५.१ **ग्यास चुल्हो सेट बितरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ग्यास सिलिन्डर र ग्यास चुल्हो बितरण कार्यक्रम अन्तर्गत पालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकलाइ निम्नानुसारका सप्लायर्सबाट ग्यासचुलो, रेगुलेटर, पिभिसि पाइप, लाइटर र ग्यास सहित सिलिन्डर को ५१०० सेट खरिद गरी प्रति सेट औषत रु ६२४४.९१ का दरले रु ३,१८,४९,०५८ भुक्तानी दिएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार पचरौता नगरपालिका क्षेत्रमा घर संख्या ५१२८ उल्लेख भएकोमा पालिकाले ५१०० सेट अर्थात कुल घरधुरी संख्याको ९९.४५ प्रतिशत परिवारलाई बितरण गरेको छ। गाउँ टोलबाट माग संकलन गरी आवश्यकता विश्लेषण गर्ने र आर्थिक तथा सामाजिक रुपले पिछडिएको गरिब परिवार पहिचान गरी बितरण सम्बन्धी कार्यविधि बनाई बितरण गर्नुपर्नेमा प्रायःजसो घर परिवारलाई बितरण गरेको उचित देखिएन। तसर्थ यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित भई गरिनुपर्दछ र अनावश्यक तथा बितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| गोश्वरा भौचर | भुक्तानी पाउनेको नाम | परिमाण | दर | रकम | ठेक्का नं | सम्झौता रकम |
|---|---|---|---|---|---|---|
| ८० | प्रभु ग्यास पसल | ५१००ग्यास चुल्ला रेगुलेटर लाइटर पाइप पाइप क्लिप | २४६९.९९ | ४२,४७,२६४ | ०६/२०७८/०७९ | १२५९६९५५ |
| १३० | प्रभु ग्यास पसल | | | ८३,४५,००० | ०६/२०७८/०७९ | |
| ७९ | लियो ग्यास उद्योग प्रा.लि. | ५१०० थान ग्यास सिलन्डर प्रति रु५१०० थान ग्यास प्रति रु १५१४.८५ | | ७५,६२,०१६ | ५/२०७८/०७९ | |
| १२९ | लियो ग्यास उद्योग प्रा.लि. | | | १,०९,३७,९८४ | ५/२०७८/०७९ | |
| १७२ | लियो ग्यास उद्योग प्रा.लि. | | | ७,५६,७९४ | ५/२०७८/०७९ | १९३४१८६० |
| **जम्मा रु** | | | | **३१८४९०५८** | | |

**ग्यास चुलो बितरणको संख्या -** पालिकाबाट उपलब्ध गराएको बिबरण अनुसार ग्यासचुलो, रेगुलेटर, पिभिसि पाइप, लाइटर र ग्यास सहित सिलिन्डर ५१०० सेट बितरणको वडागत बिबरण निम्नानुसार छ। पालिकाले बितरण गरेको संख्या जनगणना २०७८ को प्रारम्भिक घरधुरी संख्याको ९९.४५ प्रतिशत रहेको देखिएकोले यथार्थ रुपमा सोही अनुसार बितरण भए नभएको एकिन गरी बितरण भएको नपाइएमा सम्बन्धीतलाई जिम्मेवार बनाईनुपर्दछ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>वडा नंम्बर</th><th>बितरण संख्या</th></tr>
<tr><td>१</td><td>७५२</td></tr>
<tr><td>२</td><td>५८२</td></tr>
<tr><td>३</td><td>३६४</td></tr>
<tr><td>४</td><td>५९७</td></tr>
<tr><td>५</td><td>५७२</td></tr>
<tr><td>६</td><td>५७५</td></tr>
<tr><td>७</td><td>५४२</td></tr>
<tr><td>८</td><td>५८८</td></tr>
<tr><td>९</td><td>५२८</td></tr>
<tr><td>जम्मा</td><td>५१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर - आपूर्तिकर्ता लियो ग्यास उद्योग प्रा.लि ले बिल जारी गर्दा बिड गरेको रकम भन्दा फरक दरले बिजक जारी भएबाट २३८६ थान ग्यास मुअकर सहित प्रति १५१२.८४ र २७१४ थान ग्यास मुअकर सहित प्रति रु १५१४.८५ जारी गरी मुल्य अभिबृद्धि कर रु ८,८८,२३६ भुक्तानी भएको र प्रति ग्यास को बिड गरेको रकम रु १२३२.३२ को मु.अ.कर रु १६०.२ ले ५१०० थानको रु ८,१७,०२८ रहेकोमा मुल्य अभिबृद्धि कर रु ७१,२०८ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>७१,२०८</td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>बढी भुक्तानी - ठेक्का नं ५/२०७८/०७९ ग्यास सहित सिलिन्डर खरिद कार्य मा आपुर्तक लियो ग्यास उद्योग प्रा.लि ५१०० थान ग्यास सिलन्डर प्रति रु २४०० धरौटीमा रहने र ५१०० थान ग्यास मुअकर सहित प्रति रु १३९२.५२ ले सम्झौता रकम रु १,९३,४१,८६० भइ मिति २०७८।६।१४ मा कार्यादेश भइ रु १,९२,५६,७९४ भुक्तानी भएको छ । आपुर्तक लियो ग्यास उद्योग प्रा.लि ले बिल जारी गर्दा बिड गरेको रकम भन्दा फरक दरले २३८६ थान ग्यास मु.अ.कर सहित प्रति १५१२.८४ र २७१४ थान ग्यास मु.अ.कर सहित प्रति थान रु १५१४.८५ जारी गरेको र ग्यास सिलिन्डरको धरौटी रसिद नं ४८२ मिति २०७८।९।११ मा ३१०६ थानको प्रति थान रु २३०२.२२ र सिलिन्डरको धरौटी रसिद नं ४७८ मिति २०७८।८।१६ मा १९९४ थानको प्रति रु २२७७.५३ ले सिलिन्डरको धरौटी रु १,१६,९२,०९० र ग्यास को बिड गरेको मु.अ.कर सहित प्रति १३९२.५२ ले ५१०० थानको रु ७१,०१,८६०.१६ सहित रु १,८७,९३,९५० भुक्तानी हुनुपर्नेमा रु १,९२,५६,७९४ भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>४६२,८४४</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>नगरपालिका चालु तर्फः</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>बिलभर्पाइ नभएकोः<br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ९९०००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>परामर्श सेवा - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा</td><td></td></tr>
</table>

खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ। तर पालिकाले आफ्नै जनशक्तिले पनि गर्न सक्ने सामान्य किसिमका कार्यको लागि समेत परामर्शदाता प्रयोग गरेको र उपर्युक्त आधारहरुको मूल्याकंन नगरी निम्नानुसारको कार्यकोलागि परामर्श सेवामा खर्च गरेको छ। यसरी कानूनमा भएको व्यवस्थाको पूर्ण कार्यान्वयन नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ। परामर्श सेवाबाट प्राप्त बिस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरु प्राप्त गरी अभिलेखमा राखेको र कार्यान्वयनमा समेत गएको प्रमाण पेश हुनुपर्दछ।

| भौचर नं र मिति | कार्य | पार्टी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५४ मिति२०७८।७।२८ | डि.पि.आर. शहरीकरण | क्रोम इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. | १९,३०,९४४ | दरबिष्लेषण र लागत अनुमान पेश नभएको |
| ६१ मिति२०७८।७।२८ | डि.पि.आर. स्टेडियम निर्माण | सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. | १९,८७,३८७. | दरबिष्लेषण र लागत अनुमान पेश नभएको |
| ६२ मिति२०७८।८।१४ | डि.पि.आर. कबर्ड हल बेनौली | फाईभ स्टार इन्जिनियरीङ्ग सर्भिसेस प्रा. लि. | ५,९९,९१७. | |
| १९७ मिति २०७८।११।२७ | नगरअस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ निर्माण | महिला बाल तथा समाज कल्याण केन्द्र | २,४८,६०० | |
| १९८ मिति २०७८।११।२७ | नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२ ७८ निर्माण | नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा.लि | २,४८,६०० | |
| **जम्मा रु** | | | **५०१५४४८** | |

१६.३ **नगरसभा सञ्चालन खर्चः** नेपाल सरकार अर्थमन्त्रालय द्धारा मिति २०७७।८।८ मा जारी सार्बजनिक खर्चमा मितब्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार सार्बजनिक खर्चमा मितब्ययी रुपमा खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले नगरसभा संचालन प्रयोजनको लागि मात्रै रु.१७,४५,९६६ खर्च गरेको पाइयो। सभा सञ्चालन प्रयोजनको लागि निम्नानुसार होटल तथा विविधमा खर्च गरेको पाइयो। यसरी सभा सञ्चालन प्रयोजनार्थ सार्वजनिक खर्चमा मितव्ययीता नअपनाई खर्च गरेको उचित देखिएन। यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| **मिति** | **गौश्वरा भौचर** | **बिबरण** | **बिबरण** | **रकम** |
|---|---|---|---|---|
| ०७/१६/२०७८ | ४० | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | सिद्धार्थ स्वीट्स कलैयालाइ नास्ता रु २३७३००,तामागढी ऐभेन्ट भेन्यु प्राली कोल्हबी लाइ नास्ता रु ६९९५८३ ,चौधरी मामा भन्जा सप्लायस डायरी पेन खरिद रु ११८२६५, पूर्णिमा जेनरल स्टोर्स बिबिध सामाग्री रु १४२९४९ | १०,५५,१४८ |
| ०२/०९/२०७९ | ३२० | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | चौधरी वर्ल्ड कम्युनिकेशन लाइ स्टेशनरी खरिद रु ३३०४४, प्रवीण प्रिन्टिङ्ग प्रेसलाइ स्टेशनरी स्टेशनरी खरिद रु १२६०३८ | १,६३,४२४.०० |

| | | | | |
|---|---|---|---|---|
| ०२/०९/२०७९ | ३२१ | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | वैभव लक्ष्मी ट्रेडर्स लाइ पानी खरिद रु ८५००० | ८५,०००.०० |
| ०२/०९/२०७९ | ३२२ | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | दिपक प्रसाद चौधरी मायाको चिनो र मर्मत कार्य | ८९,०३२.०० |
| ०२/०९/२०७९ | ३२४ | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | चौधरी वर्ल्ड कम्युनिकेशन लाइ रु ३७४९९ वैभव लक्ष्मी ट्रेडर्स लाइ रु ८५१५२ | १,२२,५०४.०० |
| ०२/०९/२०७९ | ३२५ | सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद | दिपक प्रसाद चौधरी | २,३०,८५८.०० |
| **जम्मा** | | | | **१७,४५,९६६** |

१६.४ **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श खरिदको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा यातायात खर्च, विविध, उपकरण, स्टेशनरीमा सर्भे र डिजाईन कामको लागि सडक विभागको नर्म्स अनुसार २५ प्रतिशत मात्र दिने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा उक्त आइटममा तोकिएको प्रतिशत भन्दा वढी रकम भुक्तानी दिएकोले पालिकालाई थपव्ययभार परेको रु..... ६५७,१८८

| **गो.भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी पाउने** | **प्रशासनिक खर्च पुर्वको लागत** | **२५ प्रतिशत रकम** | **व्यवस्थापन खर्चको भुक्तानी** | **बढी रकम** |
|---|---|---|---|---|---|---|
| ६१ मिति २०७८।७।२८ रु | डी पि आर स्टेडियम निर्माण | सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. | ८८१२५० | २२०३१२ | ८७७५०० | ६५७१८८ |

१६.५ **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मत खर्चमा रु ३२,७०,१५५ लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१७ **भुक्तानीमा कर कट्टी भए नभएकोः**

१७.१ **अपुग कर -** आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत करकट्टा गर्नुपर्नेमा निम्नानुसार को गैरसरकारी संस्थालाई भुक्तानी गर्दा उक्त संस्थाहरुले कर बिजक जारी पनि नगरेको र पालिकाले भुक्तानीमा करकट्टि समेत कम गरेको तथा लेखापरीक्षणको क्रममा उक्त १०७,८४०

संस्थाहरु कर छुट प्राप्त संस्थाहरु भएको प्रमाण समेत पेश नभएकोले अपुग कर असुल हुनुपर्ने रु

| गौश्वरा भौचर | गैरसरकारी संस्थाको नाम | बिबरण | रकम | कर कट्टी रकम | अपुग कर |
|---|---|---|---|---|---|
| ८३ | ग्रामीण समाज विकास केन्द्र | सरसफाइ सम्बन्धी तालिम | ५००००० | १२३८५ | ६२६१५ |
| २८४ | शुवास टेण्ट हाउस | टेन्ट भाडा | ३३५००० | ५०२५ | ४५२२५ |
| **जम्मा** | | | | | **१०७८४०** |

१७.२ **मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखि को ठेक्का वा करार अन्तर्गतको भुक्तानी मा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षक मा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेखछ।तर पालिकाले देहायको भुक्तानी मा नियमानुसार ३० प्रतिशत रकम रु कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

२१०,०८६

| गौश्वरा भौचर | भुक्तानी पाउनेको नाम | मुल्य अभिबृद्धिकर नंम्बर | मुल्य अभिबृद्धिकर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| ५४ | क्रोम इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. | ६०६६३९५२१ | २२२१४४ | ६६६४३ |
| ५८ | आरुस एण्ड आरुसी ट्रेडर्स | ६१४२७९१४२ | ५७४२७ | १७२२८ |
| ६१ | सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि. | ६०५९१६०५६ | २२८६३७ | ६८५९१ |
| ६२ | फाईभ स्टार इन्जिनियरीङ्ग सर्भिसेस प्रा. लि. | ६०९६३०६७१ | ६९०१७ | २०७०५ |
| १३७ | वर्ल्ड वाइड ट्रेडिङ्ग कम्पनी प्रा. लि. | ३०००९०३९२ | १२३०६२ | ३६९१९ |
| **जम्मा** | | | | **२,१०,०८६** |

१८ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. ३५,८०,५५१ र मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा बिनियोजित बजेट बाट बिबध खर्च रु १४,३९,११० सहित रु ५०,१९,६६१ खर्च गरेको छ । यस्तो खर्च खाना खाजा लगतायतमा खर्च हुने गरेको देखिन्छ । नगरसभाले पालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भएतापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन ।कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमणगरेको भनी अनुगमन तथा मूल्याकंनमा र भ्रमण खर्चमा रु ९,९८,०६० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर

| | | | | |
|---|---|---|---|---|
| | | | तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २० | | | **नगरपालिका चालु तर्फः** | |
| २०.१ | | | **सम्झौता कार्यान्वयन -** ठेक्का नं २।२०७८।०७९ अन्तर्गत ने.रा.मा.बि बेल्दारीको लागि ४ कोठे भबन निर्माण कार्य को लागत अनुमान रु ९७,००,२२० रहेको र मिति २०७८।६।७ मा रु ८४,९५,४६० को सम्झौता भई मिति २०७९।३।१५ मा सम्पन्न गर्नुपर्ने गरी कार्यादेश भएको देखिन्छ । गौश्वरा भौचर १०६ बाट निर्माणल व्यवसायी जानकी कन्स्ट्रक्सनलाई रु ८,४९,५४६ पेश्की प्रदान गरेको छ । कृषि बिकास बैक लि को पेश्की जमानत नं APG 0077-6492-2021 को म्याद मिति २०७८।१२।२४ सम्म रहेको र कार्यसम्पादन जमानत रु ४,२४,७७४ को म्याद मिति २०७९।३।३२ सम्म रहेको र ठेक्काको म्याद समेत समाप्त भइसकेको अबस्थामा पनि निर्माण कार्य सम्पन्न नभएकोले सार्बजनिक खरिद ऐन २०६३ को ५९ अनुसार खरिद सम्झौता को अन्त्य र उपचार सम्बन्धि ब्यबस्था अनुसार कार्वाही गर्नुपर्दछ साथै पेश्की जमानतको म्याद समेत समाप्त भएको देखिएकोले कानूनमा भएको व्यवस्था बमोजिम पेश्की फर्स्यौट गर्नुपर्ने रु | ८४९,५४६ |
| २०.२ | | | **श्रेस्ता पेश नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ ।यस पालिकाले निम्नानुसार खर्च गरेकोमा श्रेस्ता लेखापरिक्षणको लागी पेश गर्नुपर्ने रु | ७०५,३३१ |

| गौश्वरा भौचर | बिबरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| १०७ | मसलन्द तथा कार्यालय सामाग्री | अनुराग किराना पसल | ६५,६४५ |
| ३०४ | मसलन्द तथा कार्यालय सामाग्री भुक्तानी बाँकी | अफिस डिलर्स कलैया | ३,६९,७९१ |
| ३२७ | नगर स्तरिय विभिन्न समिति तथा बोर्ड बैठक भता | प्रमोद प्रसाद यादव | ७३,५२०. |
| ३३५ | शर्मा इलेक्ट्रोनिक्स | १-९ वटै वडा को लागि विविध खर्च | ९६,०५० |
| ३४१ | पुस्तक तथा सामग्री खर्च | संजय कुमार साह | ४८,४७५ |
| ३३९ | साधन मर्मत खर्च | चौधरी मोटरसाईकल रिपेयरीङ्ग बर्कशप | ५१,८५० |
| **जम्मा** | | | **७०५,३३१** |

.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ४,८६,७७५ सम्परीक्षण गरिएको ।)

| | | | | |
|---|---|---|---|---|
| २०.३ | | | **अनुत्पादक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा बिभिन्न संघ संस्था, समुह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा, विरामी, संस्कृति लगायतमा रकम दिन सक्ने कानुनी व्यवस्था छैन । अतः यस्ता खर्चमा नियन्त्रण गरी उत्पादनमूलक प्रकृतिका क्षेत्रहरुमा खर्च केन्द्रित गरिनुपर्दछ । | |

| मिति | भौ. नं. | भुक्तानी पाउनेको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|---|
| | ५२ | वडा अध्यक्ष ४ कन्हैयालाल यादब | अतिथि सत्कारको लागि सामग्री खरिद | २९८२८८ |
| २०७८।११।३ | १६६ | महाविरी झण्डा कार्यक्रम प.न.पा. १ | महाबिरी झण्डा मेला खर्च | १५०००० |
| | १७९ | अनुराग किराना पसल | चामल लगायत खाध्य पदार्थ | ८७४९० |
| | २८८ | जैपति देबी महरापेश्की फर्छौट | माघ महिनामा लाग्ने माहाविरी झन्डा मेला | १५०००० |
| | २९० | ग्यासुदिन अंसारीपेश्की फर्छौट | महाविरी झण्डा वडा नं ५ पकडिया | २५०००० |
| | १७८ | महाविरी झण्डा तथा छठघाट उपभोक्ता समिति पचरौता न. पा. ७ बारा | महाविरी झण्डा तथा छठ घाट ब्यवस्थापन | २००००० |

२१ **नगरपालिका चालु तर्फः**

२१.१ **मुल्य अभिबृद्धि कर बिजक** - सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १९ अनुसार बिस हजार रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको आपुर्तक सँग खरिद गर्नुपर्ने उल्लेख छ। यस पालिकाले मालसामान खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता नभएको आपुर्तक सगँ खरिद गरेको अनियमित देखिएको रु १,४५५,९८५

| गौश्वरा भौचर | आपुर्तकको नाम | बिबरण | रकम |
|---|---|---|---|
| १७३ | के. एण्ड यफ. सर्भिसेज | मसलन्द तथा कार्यालय सामाग्री | १,२१,१५० |
| १८२ | चौधरी वर्ल्ड कम्युनिकेशन | मसलन्द तथा कार्यालय सामाग्री | ७८९७५ |
| २८४ | शुवास टेण्ट हाउस | टेन्ट भाडा | ३३५००० |
| २९३ | चौधरी मोटरसाईकल रिपेयरीङ्ग बर्कशप | सवारी साधन मर्मत | ३४६९६५ |
| ३२१ | के. एण्ड यफ. सर्भिसेज | पिन्टर ल्यापटप मर्मत | ११०७५० |
| ३५८ | चौधरी मोटरसाईकल रिपेयरिङ्ग वर्कशप | सवारी साधन मर्मत | ४,६३,१४५ |

२१.२ **मोबाइल खरिद** - यस पालिकाले थान मोवाइल खरिद गरी रु खर्च लेखेको छ। मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐने २०७७ मा पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाइ मोबाइल सुबिधा दिने ब्यवस्था नभएको तर पालिकाले नगर सभा सञ्चालन शिर्षकमा निम्न पार्टीबाट २५ थान मोबाइल खरिद बापत रु ४९९९९६ खर्च गरेको छ। यस्तो प्रकृतिको खर्च गत बर्ष पनि भएकोमा लेखापरीक्षणबाट गर्न नमिल्ने भनी औंल्याइएको तर यो बर्ष पनि खर्च गरेको पाइयो। यसरी प्रदेश ऐन कानुनले नतोकेको सुबिधा लिने कार्य नियन्त्रण गरी मोबाइल सुबिधा दिने आधार पेश हुनुपर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ४९९,९९६

| गौ भौ न | भुक्तानी पाउनेको नाम | परिमाण | रकम |
|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०</td><td>गणेश मोबाइल कलैया</td><td>२५ थान vivo y१२९</td><td>४९९९९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>नगरसभा खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार अर्थमन्त्रालय द्धारा मिति २०७७।८।८ मा जारी सार्बजनिक खर्चमा मितब्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार सार्बजनिक खर्चमा मितब्ययी रुपमा खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले नगरसभा संचालन खर्च शिर्उषकमा निम्नानुसार रु ४७९६२८ खर्च गरेको पाइयो । सार्बजनिक खर्चमा मितब्ययीता कायम गर्ने मापदण्ड बिपरित विन चिटर साडी पेटिकोट जस्ता खर्च गर्नु उचित नदेखिएको रु
<table>
<tr><th>मिति</th><th>गौश्वरा भौचर</th><th>बिबरण</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>०७/१६/२०७८</td><td>४०</td><td>सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद</td><td>रितिज्ञ सप्लायर्स/जनक कन्स्ट्रक्सन लाइ गमछा साडी पेटीकोट दोसल्ला रु २४६००१,</td><td>२४६००१</td></tr>
<tr><td>०२/०९/२०७९</td><td>३२३</td><td>सभा संचालनको लागि बिबिध खर्च तथा सामग्री खरिद</td><td>विधा ट्रेडर्स कलैया लाइ विनचिटर ६५ थान रु १३४८७५ र दोसल्ला १२५ थान रु ७१८७५ भुक्तानी रु</td><td>२३३६२७</td></tr>
</table>
</td><td>४७९,६२८</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कार्यालय सामान तथा सेवाहरू परीक्षण</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>कार्यालय सम्बन्धि खर्च - कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा ६३ वटा गौश्वरा भौचरबाट रु ७०,७२,०४८ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्नसकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु २४,२३,६३१ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>इन्धनको लगबुक - आर्थिक कार्यविधि तथा बित्तीय उतरदायित्व ऐन २०७५ को दफा ३९ अनुसार खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्दछ । पालिकाले इन्धन कार्यालय प्रयोजन मा रु ४२,१३,०४४ खरिद गरेवापत आयल स्टोरलाई भुक्तानी गरेको छ । ।मलेपफान ९०५ सवारीसाधनको लगबुकमा प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै सवारी लगबुक राख्नुपर्नेमा र सबै महल भर्नु पर्नेमा पालिकाले सवारी लगबुक लुज सिटमा राखेको छ जसले गर्दा सवारी साधानको इन्धन खपत र गुडेको किलोमिटर बिष्लेषण गर्न सकिएन अत प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्ल सवारी लगबुक राख्नुपर्दछ । साथै इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुसार खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २३.४ | | | **छुट रकम** - नेपाल सरकार अर्थमन्त्रालय द्धारा मिति २०७७।८।८ मा जारी सार्बजनिक खर्चमा मितब्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार सार्बजनिक खर्चमा मितब्ययी रुपमा खर्च गर्नुपर्ने उल्लेख छ । सरकारी प्रकाशन गोरखापत्र लगायत निजी पत्रपत्रिकाले सुचना प्रकाशनमा छुट दिने ब्यबस्था रहेको छ ।गोरखापत्रले २५ प्रतिशत छुट दिने ब्यबस्था रहेकोलाई आधार मान्दा पालिकाले मिति २०७८/०७/०४ भौ. नं. १७ र ९१ बाट पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु ११३७०००. र ८९८३८९ रकम प्रभाब दैनिकमा सुचना प्रकासित गरे बापत के.एस. मल्टी पर्पोज प्रा.लि. भुक्तानी गरेकोमा छुट नलिएको कारणले बढी ब्ययभार परेको देखियो । खर्च गर्दा व्ययभार कम पर्ने गरी मितव्ययीता अपनाउने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| २३.५ | | | **घरभाडा** - पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु ४,९९,४७० खर्च लेखेको देखिन्छ । घरभाडाको दर निर्धारण गर्दा दर रेट निर्धारण समितिबाट नगरेको तथा कुनै वैज्ञानिक आधार पनि लिएको देखिदैन । घर भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दर कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ । | |
| २४ | | | **टावर लाईट जडान कार्य** - पालिकाले रामजानकी मठ बेल्दारी र नगरपालिका कार्यालय केन्द्रमा टावर लाईट जडान कार्यको लागि समृद्ध नेपाल इनर्जी प्रा.लि. लाई ठेक्का नं १९।०७८।०७९ को लागि रु १९,७२,९१२ र ठेक्का नं २०।०७८।०७९ को लागि रु ७,८९,१६४ गरी कुल रु २७,६२,०७६ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छनः | |
| २४.१ | | | **खरिद बिधि** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त कार्य रु २० लाख भन्दा बढीको भएतापनि रु २० लाख भन्दा कम रकममा दुइवटा टुक्रा बनाई सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गरेको पाइयो । यसरी खरिदलाई टुक्रा बनाई खरिद गर्नु उचित देखिएन । | |
| २४.२ | | | **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मालसमान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेण्टीको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर पालिकाले कार्य सम्पादन जमानत लिदा वारेण्टी अवधि र सम्झौता अवधिमा ध्यान दिएको पाइएन । जमानत माग्दा नै ९० दिनको लागि भनी माग गरिएको तर सम्झौता अवधि सो भन्दा पनि बढी हुने गरेको पाइयो भने लाईटको वारेण्टी अवधी नखुल्दा जमानत कति अवधिको हुनुपर्ने हो एकिन गर्न सकिएन । साथै जमानत रकम सम्झौता रकमको ५ प्रतिशत भन्दा पनि कम हुने गरेको समेत देखियो । जमानत सम्बन्धी खरिद कानूनले गरेको व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ । | |
| २४.३ | | | **लागत अनुमान र स्पेशिफिकेसन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सम्बन्धित मालसमानको स्पेशिफिकेसनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्पेशिफिकेसनको आधारमा लागत अनुमान तयार गरेको देखिएन । त्यस्तै सम्झौताको शर्तहरुमा पनि लाइटको वारेण्टी पिरियड लगायतको स्पेशिफिकेसन बारे उल्लेख गरेको देखिएन । तसर्थ उल्लिखित कमजोरीहरुको कारण टावर लाइटको लागि प्राप्त समानहरुको लागत र गुणस्तर सहि छ भनी आश्वस्त हुन सकिएन । यसरी खरिद कानूनले गरेको व्यवस्थाको पूर्ण पालना नगर्ने पदाधिकारीलाई कानून बमोजिम जिम्मेवार बनाइनुपर्दछ । | |
| २५ | | | **भवन निर्माण कार्य** - पालिकाले श्री ने.रा.प्रा.वि. बेल्दारीमा तेस्रो तला भवन निर्माण कार्यको लागि ठेक्का नं ३।०७८।०७९ अन्तर्गत निर्माण व्यवसायी जानकी कन्स्ट्रक्सनसँग मिति २०७९।३।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी रु ६९,५५,०७०।६९ को सम्झौता गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः | |
| २५.१ | | | **बोलपत्रको माध्यम** - विद्युतिय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ को बुँदा ३५ मा रु ६० लाख भन्दा बढीको निर्माण कार्य खरिदमा विद्युतिय | |

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद प्रणाली समेतको प्रयोग गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उक्त भवन निर्माणको खरिद प्रक्रियामा विद्युतिय खरिद प्रणालीको प्रयोग गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ । | |
| २५.२ | | | **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा भएको व्यवस्था बमोजिम जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्नेमा कार्य सम्पन्न गर्नुपर्ने अवधि भन्दा १७ दिन मात्र बढी अवधिको रहेको पाइयो । उक्त कार्य हालसम्म सम्पन्न नभएकोमा जमानतको म्याद थप समेत भएको देखिएन । सम्झौता रकमको ५ प्रतिशत जमानत रकम रु ३,४७,७५३ लिनुपर्नेमा रु ३,०७,७४७ मात्र लिएको पाइयो । तसर्थ नपुग जमानत रु ४०,००६ समेत म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रु | ४०,००६ |
| २५.३ | | | **फलामको मूल्यांकन -** प्राविधिकले तयार गरेको नापी किताबमा कुल ७६१२.७२ के.जी. प्रयोग भएको भनी प्रति के.जी. रु १२५ को दरले रु ९५१५९० भुक्तानी दिएको पाइयो । उक्त कार्यको बिस्तृत विवरण तयार नगरी एकमुष्ठ राखेको पाइयो । नापी किताबमा बिस्तृत मापन नगरी एकमुष्ठ परिमाण राखी नापी तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाइनुपर्दछ । | |
| २५.४ | | | **म्याद थप -** उक्त भवन निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद ०७९।३।१५ मा नै समाप्त भएको तर हालसम्म दुइवटा रनिङ्ग बिलबाट रु ६१,०६,४८६ भुक्तानी भएकतापनि कार्य सम्पन्न नभएको र म्याद थप पनि भएको नदेखिएकोले सार्वाजनिक खरिद नियमावलीको नियम १२१ मा भएको व्यवस्था बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिएर मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरिनुपर्दछ । | |
| २६ | | | **ठेक्का व्यवस्थापन र ठेक्का भुक्तानीमा खरिद कानूनको पालना** | |
| २६.१ | | | **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गरेको छ । तर पालिकाले ठेक्का नं १३।२०७७।०७८ अन्तर्गत ने.रा.प्रा.वि. गुलरियामा शौचालय निर्माण कार्यको लागि निर्माण व्यवसायी जानकी कन्स्ट्रक्सनसँग मिति २०७८।३।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तत्पश्चात म्याद थप भएको देखिएन । म्याद थप नभएतापनि उक्त निर्माण व्यवसायीले भुक्तानीको लागि कर बिजक मिति ०७८।९।१८ मा कार्यालयमा दर्ता गरेको देखिन्छ । सम्झौताको बिशेष शर्तमा पूर्व निर्धारित क्षतिपुर्ति लाग्ने व्यवस्था भए बमोजिम १७२ दिनको प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ति रकम रु ७७,०६८ असुल गर्नुपर्ने रु | ७७,०६८ |
| २६.२ | | | **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गरेको छ । तर पालिकाले ठेक्का नं २२।२०७७।०७८ अन्तर्गत वडा नं ४ को इसलामिया पकडिया मदर्सामा शौचालय निर्माण कार्यको लागि निर्माण व्यवसायी जानकी कन्स्ट्रक्सनसँग मिति २०७८।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तत्पश्चात म्याद थप भएको देखिएन । म्याद थप नभएतापनि उक्त निर्माण व्यवसायीले भुक्तानीको लागि कर बिजक मिति ०७८।९।१८ मा कार्यालयमा दर्ता गरेको देखिन्छ । सम्झौताको बिशेष शर्तमा पूर्व निर्धारित क्षतिपुर्ति लाग्ने व्यवस्था भए बमोजिम १६७ दिनको प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ति रकम रु ७४,१७८ असुल गर्नुपर्ने रु | ७४,१७८ |
| २६.३ | | | **चापाकल खरिद -** पालिकाले ठेक्का नं ९/०७७/०७८ अन्तर्गत भौचर नं २५,०७८।८।८ बाट ९४ वटा चापाकल र ५० एम एम को ६ केजी प्रेसर वाला एच डि पि पाइप ७४५१.३८ मिटर खरिद गरे बापत आरुस एण्ड आरुसी ट्रेडर्सलाई रु १९,७७,३०१ भुक्तानी गरेको पाइयो । उक्त खरिद शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गरेकोमा बनाइएको लागत अनुमानमा ट्युबवेल हेभी ड्युटी को प्रति थान मूल्य मू.अ.कर बाहेक रु ५२०० राखेको तर जिल्ला दररेटमा प्रति थान रु ४४०० रहेको पाइयो । त्यस्तै एच डि पि पाइपको प्रति रनिङ्ग मिटर रु १४७.०७ को दरले हुनुपर्नेमा प्रति रनिङ्ग मिटर रु १६२.०६ को दर कायम गरी लागत अनुमान तयार गरेको पाइयो । यसरी लागत अनुमानमा जिल्ला दररेटको दर प्रयोग नगर्दा रु १,८६,८५८ बढी लागत अनुमान तयार भएको पाइयो । यसरी नगरपालिकालाई बढी व्ययभार पार्ने गरी लागत अनुमान तयार गर्ने पदाधिकारीलाई | १,९७७,३०१ |

| | | | | |
|---|---|---|---|---|
| | | | जिम्मेवार बनाइनुपर्दछ । उक्त चापाकल र पाइप बितरण गरेको प्रमाण पेश नभएको रु | |
| २६.४ | | | **फर्निचर खरिद -** पालिकाले ठेक्का नं ११।०७८।०७९ अन्तर्गत नगर अस्पतालको लागि फर्निचर तथा कम्प्युटर खरिद कार्यको लागि मेहता ट्रेडिङ्ग सप्लायर्सलाई भौचर नं ४, मिति ०७८।९।११(स्वास्थ्य) बाट रु १९,७३,५४५ भुक्तानी गरेको देखिन्छ । उक्त ठेक्काको लागत अनुमान रु २१,००,६५१ रहेको र उक्त रकम सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ले तोकेको सिमा रु २० लाख भन्दा बढी भएतापनि पालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा नै खरिद गरेको पाइयो । कम्प्युटर ४ सेट र टेलिभिजन १ सेट सहित ११ प्रकारका समान खरिद गरेकोमा समानहरु प्राप्तिका बखत तोकिएको स्पेशिफिकेसन बमोजिम भए नभएको एकिन नगरेको र कर बिजक र दाखिला प्रतिवेदनमा समेत स्पेशिफिकेसन खुलेको पाइएन । तसर्थ सम्बन्धीत प्राविधिकबाट BOQ मा तोकिए बमोजिमका गुणस्तरका भए नभएको निरिक्षण गराई सो को प्रतिवेदन पेश गर्नुपर्ने रु | १,९७३,५४५ |
| २७ | | | **उपकरण खरिद -** विद्युतिय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ को बुँदा ३५ (३) मा रु ६० लाख भन्दा बढीको मालसमान खरिद गर्दा अनिवार्य रुपमा विद्युतिय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगर अस्पतालको लागि उपकरण खरिद कार्यको लागि ठेक्का नं ७।०७८।०७९ अन्तर्गत आइडियल केमिकल एण्ड सर्जिकल सप्लायर्स बिरगञ्जबाट एक्स रे मेशिन सहित २५ प्रकारका समान खरिद गरि रु ८२,२६,१९५ भुक्तानी गरेकोमा उपर्युक्त व्यवस्था बमोजिमको विद्युतिय खरिद प्रणाली प्रयोग गरेको पाइएन । त्यस्तै सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सो अनुरुप लागत अनुमान तयार नगरी केही फर्मसँग दर माग गरी औषतको आधारमा लागत अनुमान तयार गरेको देखिन्छ । यसबाट बनाइएको लागत अनुमान यथार्थपरक छ भनी आश्वस्त हुन सकिएन । त्यस्तै कानूनले अनिवार्य गरेको विद्युतिय खरिद प्रणाली प्रयोग नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउदै खरिद प्रक्रियामा रहेको उल्लिखित कमजोरीहरुमा सुधार हुनुपर्दछ । | |
| २८ | | | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूंजीगत)** | |
| २८.१ | | | **ट्याक कोट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर प्रति बर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ । बजारदेखि पिपरपाती चौक हुँदै बिसुनपुर – रामनगरसम्म सडक कालोपत्रे गर्ने ठेक्का नं १/२०७८/०७९ को लागि रु ८५,५९,९३२ निर्माण ब्यबसायी निराजन कन्सट्रक्सनलाई भुक्तानी भएको छ । पालिकाले निर्माण ब्ययबसायीलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औषत १ प्रति किलोग्रामका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति किलोग्राम ०.४ बढी हुने गरी भुक्तानी दिएको परिमाणले हुने रु २,०९,२५९ को मुल्य अभिबृद्धि कर सहित रु २,३६,४६३ असुल गर्नु पर्ने रु.<br><table><tr><th>बिबरण</th><th>परिमाण बर्ग मिटर</th><th>दर</th><th>रकम</th><th>स्पे रेट</th></tr><tr><td>Track coat</td><td>२७३९</td><td>१९१</td><td>५२३१४९</td><td>१</td></tr></table> | २३६,४६३ |
| २८.२ | | | **पूर्बनिर्धारित क्षतिपूर्ती -** वडा नं २ श्रीनगरबैरियाको बर्थिङ्ग सेन्टर भवन निर्माण कार्यको सम्झौताको ठेक्का नं ८/२०७८/०७९ लागत अनुमान रु ३९,०४,४३९ कार्यादेश मिति २०७८।८।१० सम्झौता रकम रु ३८,७७,५६५ मिति २०७९।३।१५ मा सम्पन्न हुनेगरी कार्यादेश भएकोछ । गौश्वरा भौचर ९ बाट प्रथम रनिङ बिल रु २२,१४,८८६ भइ भुक्तानी भएतापनि ठेक्काको म्याद थप नभएकोले सार्बजनिक खरिद नियमावली २०६४ को | ३८७,७५६ |

<table>
<tr><td></td><td></td><td></td><td>नियम १२१ अनुसार सम्झौता रकमको शुन्य दशम्लब शुन्य ५ प्रतिशत एबं अधिकतम १० प्रतिशतले रु ३,८७,७५६ निर्माण ब्यबसायी जानकी कन्स्ट्रक्सनबाट असुल हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>सफ्टवेयरखरिद -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।<br>
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>सफ्टवेयरको नाम</th><th>आपुर्तकको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>२०७८।१२।१८ चालु</td><td>२५३</td><td>केन्द्रीकृत अस्पताल व्यवस्थापन प्रणाली सफ्टवेयर</td><td>फिनिक्स सोल्युसन्स प्रा.लि.</td><td>४,९९,३४५</td></tr>
<tr><td>संघीय चालु तर्फ</td><td>११५</td><td>web based school software</td><td>डाइनामिक्स टेक्नोसफ्ट प्रा लि</td><td>४९९४६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम : पूंजीगत<br>कार्य सम्पन्न प्रतिवेदन - गो. भौ. नं. २ बाट नगर भरी खानेपानी चापा कल जडान कार्यको लागी उपभोक्ता समिति बारा लाई रु १३,९१,८०२. भुक्तानी भएको छ । लागत अनुमान रु ३२,३३,९६९ रहेको र कार्यादेश मिति २०७८।८।२३ पालिकाले ब्यहोर्ने अशं रु २९,१०,००० प्रथम रनिङ बिल बाट प्राबिधिक मुल्यांकन र नापि मुल्याकन रु १५,४६,४४६ भइ उपभोक्ता समितिको योगदान रु १,५४,६४४ कट्टा गरी नगरभरी खानेपानी चापाकल धारा जडान उपभोक्ता समिति बारालाई रु १३,९१,८०२. भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको पाइएन । कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने रु</td><td>१,३९१,८०२</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>एकिकृत स्वास्थ्य पूर्वाधार तर्फ</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>१५ शैया अस्पताल निर्माण - पालिकाले ठेक्का नं १२।०७८।०७९ अन्तर्गत १५ शैया अस्पताल निर्माण कार्यको लागि निर्माण व्यवसायी शर्मा/ गजुरमुखी जे.भी. काठमाडौंसँग मिति ०७८।१०।२ मा रु १८,६५,५९,७७७ को सम्झौता गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छः</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>लागत अनुमान - उक्त अस्पताल निर्माण कार्यको लागि एक परामर्शदाताले मू.अ.कर सहित रु १९,२०,६१,१८६ को लागत अनुमान तयार गरेकोमा लागत अनुमानमा समावेश निम्नानुसारका दुइवटा कार्य आइटममा समावेश गरिएको दर र शहरी बिकास तथा भवन निर्माण विभागको नर्म्स र स्वीकृत जिल्ला दररेटको आधारमा पालिकाले तयार गरेको दर बिच देहाय अनुसार फरक रहेको देखियो ।<br>
<table>
<tr><th>कार्य आइटम</th><th>लागत अनुमानको दर</th><th>हुनुपर्ने दर</th><th>फरक दर</th><th>लागत अनुमान मा समावेश परिमाण</th><th>फरक दरले हुने बढी लागत अनुमान</th></tr>
<tr><td>Pcc for Rcc M25</td><td>२०५६०.०७</td><td>१७५१२.२</td><td>३०४७.८७</td><td>११७०.१२</td><td>३५, ६६ , ३७३ . ६४</td></tr>
<tr><td>Pcc for Rcc M20</td><td>१६८१७.५</td><td>१३९००.६३</td><td>२९१६.८७</td><td>१४१.१७</td><td>४, ११ , ७७४ . ५३</td></tr>
<tr><td>Steel Reinforcement</td><td>१२८२७३.४४</td><td>१२६७४१</td><td>१५३२.४४</td><td>२१८.७</td><td>३, ३४ , ९९१ . ३८</td></tr>
<tr><td>जम्मा</td><td colspan="4"></td><td>४३, १३ , १३९ . ५५</td></tr>
</table></td><td>४,७३४,४५५.६५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मू.अ.कर १३ प्रतिशत</td><td></td><td>५, ६० , ७०८ . १४</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td>४८, ७३ , ८४७ . ६९</td></tr>
<tr><td>कबोल अंक न्यून प्रतिशत</td><td></td><td>२. ८६ प्रतिशत</td></tr>
<tr><td>बढी सम्झौता रकम</td><td></td><td>४७, ३४ , ४५५</td></tr>
</table>
<br>
यसरी लागत अनुमानमा भएको त्रुटीका कारण बास्तविक दर भन्दा बढी दर कायम भई उपर्युक्त तिनवटा कार्य आइटममा मात्र निर्माण व्यवसायीसँग रु ४७,३४,४५५ को बढी सम्झौता हुन पुगेको देखिन्छ । लागत अनुमानमा समावेश परिमाण अनुसार नै काम भएको खण्डमा उक्त रकम बढी भुक्तानी भई पालिकालाई थप व्ययभार पर्न जाने देखियो ।तसर्थ लागत अनुमानमा संलग्नलाई जिम्मेवार बनाई थप व्ययभार पर्न जाने देखिएको उक्त रकम नियमित गर्नुपर्ने रु
</td><td></td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>पेश्की बाँकी - उक्त अस्पताल निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई दुइपटक गरी रु २,७०,००,००० पेश्की दिएको तर हालसम्म फर्स्यौट नभएकोले उक्त पेश्की नियमावलीमा भएको व्यवस्था बमोजिम समयमै फर्स्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>डि.पि.आर - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्यांकनको आधारहरु तोकेको छ । पालिकाले १५ शैया अस्पतालको बिस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयारी कार्य जियो रिसर्च एण्ड ल्याब प्रा.लि. बाट गराई रु १९,९६,६८१.७५ खर्च गरेकोमा उक्त दफामा उल्लिखित आधारहरुको आधारमा मूल्याकंन गरेको देखिएन । त्यस्तै लागत अनुमानमा टोली प्रमुख लगायतका ४ जना मुख्य जनशक्तिको मासिक लागत दर भवन सम्बन्धी काममा शहरी विकास मन्त्रालयको सचिव स्तरिय निर्णयबाट कायम भएको बिज्ञको दर नराखी सडक विभागको महानिर्देशक स्तरीय निर्णयबाट कायम भएको दर राख्दा रु २,४५,०५५ बढी लागत अनुमान भइ सोही अनुसार थप व्ययभार परेको देखियो । यसरी थप व्ययभार पर्ने गरी लागत अनुमान तयार गर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>जनशक्तिको प्रकार</th><th>अवधि</th><th>सडक विभागको विभागिय निर्णय अनुसारको दर</th><th>शहरी मन्त्रालयको सचिव स्तरिय निर्णय अनुसारको दर</th><th>फरक</th><th>फरकले हुने रकम</th></tr>
<tr><td>टोली प्रमुख</td><td>३</td><td>१५००००</td><td>११५२२०</td><td>३४७८०</td><td>१०४३४०</td></tr>
<tr><td>स्ट्रक्चरल इन्जिनियर</td><td>१.५</td><td>१५००००</td><td>९८८९०</td><td>५१११०</td><td>७६६६५</td></tr>
<tr><td>आर्किटेक्ट</td><td>१.५</td><td>११००००</td><td>८८६५०</td><td>२१३५०</td><td>३२०२५</td></tr>
<tr><td>सिभिल इन्जिनियर/क्वान्टिटि सर्भेयर</td><td>१.५</td><td>११००००</td><td>८८६५०</td><td>२१३५०</td><td>३२०२५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२४५०५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सोझै खरिद भएका कारोवारमा खरिद कानूनको पालना</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>बितरण भर्पाईः</td><td>०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ४,५३,९५१ ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>परामर्श सेवा - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ। पालिकाले खाद्य गोदामको बिस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयारी कार्य क्रोम इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. बाट गराई रु ८,८१,४०० खर्च गरेकोमा उक्त दफामा उल्लिखित आधारहरुको आधारमा मूल्याकंन गरेको देखिएन। त्यस्तै भुक्तानीमा Soil investigation and laboratory works को लागि रु १,०२,००० समावेश भएकोमा Soil investigation रिपोर्ट लेखापरीक्षणको क्रममा पेश हुन सकेन। उक्त कार्य मिति २०७८।१०।२६ मा सम्झौता भएकोमा २ महिना ६ दिनमा कार्य सम्पन्न गरी मिति २०७९।१।२ मा भुक्तानीको लागि बिजक पेश गरेको तर टिम लिडरलाई ३ महिना अवधि लाग्ने अनुमान गरी मासिक रु ६५००० को दरले कुल रु १९५००० भुक्तानीमा समावेश भएको देखियो। यसरी टिम लिडरको लागि लागत अनुमानमा बढी अवधि समावेश हुदा २४ दिनको दैनिक २१६६.६७ को दरले रु ५२००० बढी भुक्तानी भएको देखिन्छ। तसर्थ काम भएको प्रमाणित हुन नसकेको Soil Investigation कार्य आइटमको रु १,०२,००० र बढी अवधि राखि व्ययभार पारेको रु ५२,००० गरी कुल रु १,५४,००० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु</td><td>१५४,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सिलवन्दी दरभाउपत्र खरिद र भुक्तानीमा खरिद कानूनको पालना</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>नर्म्सको प्रयोग - पालिकाले यो बर्ष कार्यान्वयनमा ल्याएका कतिपय सडक सम्बन्धी आर सि सि ढलान कार्यको लागि नगरपालिकाको छुट्टै नर्म्स स्वीकृत भएको देखिएन। यसरी आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सोही कार्य गर्ने विशिष्टिकृत निकायको नर्म्स प्रयोग गर्नुपर्नेमा नगरी शहरी बिकास तथा भवन निर्माण विभागको मानिस मात्रै प्रयोग वाला नर्म्स प्रयोग गर्दा पालिकाले यो बर्ष कार्यान्वयन गरेका निम्न आयोजनाको सडक सम्बन्धी कार्य अन्तर्गत र PCC for RCC M20 (१:१.५:३) excluding formwork ढलान कार्यमा निम्नानुसार बढी भुक्तानी गरी पालिकालाई थप व्ययभार पारेको देखिएको रु
<table>
<tr><th>भौचर नं</th><th>आयोजना</th><th>पालिका दर</th><th>सडक विभागको नर्म्स अनुसार हुने दर (मानिस प्रयोग)</th><th>फरक दर</th><th>काम परिमाण</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>४</td><td>वडा नं नगरबैरिया अधुरो मूल नाला निर्माण</td><td>१४३०१</td><td>११३५०</td><td>२९५१</td><td>२४.२२</td><td>७१४७३</td></tr>
<tr><td>८</td><td>वडा नं १ मा सडक ढलान देखि उत्तर मूल सडक ढलान</td><td>१४३०१</td><td>११३५०</td><td>२९५१</td><td>१९५.४१</td><td>५७६६५४</td></tr>
<tr><td>११</td><td>वडा न् ६ मा रुपनारायणको घर देखि बोर्डिङ्ग सम्म नाला निर्माण कार्य</td><td>१४३०१</td><td>११३५०</td><td>२९५१</td><td>६०.३१</td><td>१७७९७५</td></tr>
<tr><td>३६</td><td>राम मन्दिर परिसरमा छठघाठ निर्माण कार्य</td><td>१५०३६</td><td>११३५०</td><td>३६८६</td><td>३९.२५</td><td>१४४६७६</td></tr>
<tr><td>४३</td><td>वडा नं ४ मा शैलेन्द्र यादवको घर देखि सुरेश यादवको घर सम्म ढलान</td><td>१४३०१</td><td>११३५०</td><td>२९५१</td><td>४२.१</td><td>१२४२३७</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१०,९५,०१५</td></tr>
</table></td><td>१,०९५,०१५</td></tr>
</table>

३२.२ **नर्म्सको प्रयोग** - पालिकाले यो बर्ष कार्यान्वयनमा ल्याएका कतिपय सडक सम्बन्धी आर सि सि ढलान कार्यको लागि नगरपालिकाको छुट्टै नर्म्स स्वीकृत भएको देखिएन । यसरी आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सोही कार्य गर्ने विशिष्टिकृत निकायको नर्म्स प्रयोग गर्नुपर्नेमा नगरी शहरी बिकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग गर्दा पालिकाले यो बर्ष कार्यान्वयन गरेका निम्न आयोजनाको सडक सम्बन्धी कार्य अन्तर्गत र PCC for RCC M15 (१:२:४) excluding formwork ढलान कार्यमा निम्नानुसार बढी भुक्तानी गरी पालिकालाई थप व्ययभार पारेको देखिएको रु ९७२,२४८

| भौचर नं | आयोजना | पालिका दर | सडक विभागको नर्म्स अनुसार हुने दर | फरक दर | काम परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५ | वडा नं ३ मा जय प्रकाशको घर देखि इनार सम्म ढलान | १२१२६ | १००७७ | २०४९ | ६१.६२ | १२६२५९ |
| ९ | वडा नं १ मा पिपराती चौकको दक्षिण सडक ढलान | १२१२६ | १००७७ | २०४९ | ५३.७१ | ११००५२ |
| १० | वडा नं १ को पिपरातीमा मुल सडक ढलान | १२१२६ | १००७७ | २०४९ | १५८.८६ | ३२५५०४ |
| ११ | वडा न् ६ मा रुपनारायणको घर देखि बोर्डिङ्ग सम्म नाला निर्माण कार्य | १२१२६ | १००७७ | २०४९ | ५९.१२ | १२११३७ |
| १६ | वडा नं ५ मा मधुसुदनको घर देखि मुल बाटो सम्म सडक ढलान | १२१२६ | १००७७ | २०४९ | ५१.५९ | १०५७०९ |
| ३६ | राम मन्दिर परिसरमा छठघाठ निर्माण कार्य | ११७६२ | १००७७ | १६८५ | ६६.४९ | ११२०३६ |
| ६५ | वडा नं ७ धर्मनगर टोलमा अधुरो मूल सडक ढलान | १२१२६ | १००७७ | २०४९ | ३४.९२ | ७१५५१ |
| **जम्मा** | | | | | | **९,७२,२४८** |

३२.३ **ल्याब परीक्षण** - पालिकाले भौचर नं ११ बाट वडा न् ६ मा रुपनारायणको घर देखि बोर्डिङ्ग सम्म नाला निर्माण कार्यको लागि प्रयोगशाला परीक्षण बापत भनी रु १०,००० भुक्तानी गरेको तर ल्याब परीक्षण प्रतिवेदन र सो को बिल भर्पाई संलग्न गरेको पाइएन । परीक्षण प्रतिवेदन र बिल दुवै संलग्न भएको नदेखिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु १०,०००

३२.४ **मूल्य अभिवृद्धि कर कट्टि** - पालिकाले भौचर नं २६, ०७८/८/८ बाट मेशिनरी औजार तथा सिसिटिभि क्यामेरा खरिद बापत सिटिजन इन्फोटेक प्रा.ली.लाई रु १९,९४,१११ भुक्तानी गरेकोमा भुक्तानीमा समावेश मूल्य अभिवृद्धि कर रु २,२०,४११ को ३० प्रतिशत रु ६६,१२३।३० कट्टि गरी दाखिला गरेको पाइएन । मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु ६६,१२३

३२.५ **ग्राभेल कार्य** - सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र सम्बन्धित जिल्ला दररेट को अधिनमा रहि तयार गर्नुपर्दछ ।पालिकाले ग्राभेल कार्यको लागत अनुमान तयार गर्दा यो आर्थिक बर्षमा प्रति घनमिटर रु २७५८.६९ Natural Gravel filling works manual कार्यको दर बिष्लेषण मा स्वीकृत जिल्ला दररेट अनुसार ग्राभेलको मूल्य प्रति घन मिटर रु १८०० हुनेमा रु १९४१ राखेबाट प्रति घन मिटर रु १४१ को दरले बढी भुक्तानी हुन गएको देखिन्छ । निम्नानुसारका आयोजनमा रु ६०११८३ बढी भुक्तानी भएको देखिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ६०१,१८३

| भौचर नं | आयोजना | ग्राभेल कार्य | थप रकम | बढी भुक्तानी |
|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>वडा नं ३ मा जय प्रकाशको घर देखि इनार सम्म ढलान</td><td>४५.८३</td><td>१४१</td><td>६४६२</td></tr>
<tr><td>९</td><td>वडा नं १ मा पिपराती चौकको दक्षिण सडक ढलान</td><td>१३.३१</td><td>१४१</td><td>१८७७</td></tr>
<tr><td>१०</td><td>वडा नं १ को पिपरातीमा मुल सडक ढलान</td><td>३६.६</td><td>१४१</td><td>५१६१</td></tr>
<tr><td>१</td><td>वडा नं ९ को झ</td><td>२५९.९४</td><td>१४१</td><td>३६६५२</td></tr>
<tr><td>१३</td><td>वडा नं ९ गाछी टोलमा माटोपुरी ग्राभेल कार्य</td><td>१०९.२८</td><td>१४१</td><td>१५४०८</td></tr>
<tr><td>१४</td><td>वडा नं ८ मा हुलाकी सडक हुदै प्रेम नायारयणको खेतसम्म ग्राभेल कार्य</td><td>१५४.३५</td><td>१४१</td><td>२१७६३</td></tr>
<tr><td>२८</td><td>नगरभरिका बाटोहरुमा आवश्यकता अ</td><td>१५०७.१२</td><td>१४१</td><td>२१२५०४</td></tr>
<tr><td>४१</td><td>वडा नं ३ को वडा कार्यालयदेखि विद्यालयसम्म अधुरो सडक ढलान</td><td>५१.१२</td><td>१४१</td><td>७२०८</td></tr>
<tr><td>४५</td><td>वडा नं ८ अमरपट्टी स्वास्थ्य चौकी जाने बाटोमा माटोपुरी ग्राभेल कार्य</td><td>२७५.१२</td><td>१४१</td><td>३८७९२</td></tr>
<tr><td>५७</td><td>२ नं वडा भरी अधुरो रहेको बाटो मर्मत</td><td>३५१.१५</td><td>१४१</td><td>४</td></tr>
<tr><td>२(स.बो.)</td><td>विशनपुर कालोपत्रे देखि कोतवालीसम्म सडक ग्राभेल</td><td>१०१४.४८</td><td>१४१</td><td>१४३०४२</td></tr>
<tr><td>४(स.बो.)</td><td>कुडवा चौक देखि लंगडा चौकसम्म सडक ग्राभेल</td><td>७६४.५५</td><td>१४१</td><td>१०७८०२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६०११८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.६</td><td></td><td></td><td>प्रतिलिपि बिल - पालिकाले भौचर नं १९ मिति २०७८।७।२२ मा प्रतिलिपि बिल राखी निराजन कन्स्ट्रक्सनलाई रु ४,८४,३४८ भुक्तानी दिएको पाइयो । प्रतिलिपि बिलको आधारमा भुक्तानी दिएकोले सो भुक्तानीमा समावेश मूल्य अभिवृद्धि कर रु ५५७२१ सम्बन्धीत आन्तरि राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>५५,७२१</td></tr>
<tr><td>३२.७</td><td></td><td></td><td>स्पेशिफिकेसन र गुणस्तर - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले निम्नानुसारको समानहरु खरिद गर्दा आपूर्तिकर्ताबाट समान प्राप्त भएपछी तोकिएको स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण नगराई भुक्तानी दिएको पाइयो । यस्तो प्रतिवेदन नहुँदा र आपूर्तिकर्ताबाट जारि भएको बिजकमा समेत समानको स्पेशिफिकेसन नखुल्दा सम्झौतामा उल्लिखित स्पेशिफिकेसन र गुणस्तर बमोजिम नै समान प्राप्त भयो भनी आश्वस्त हुन सकिएन ।यस्तो कमजोरीमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>समानको प्रकार</th><th>आपूर्तिकर्ता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२६, ०७८/८/८</td><td>मेशिनरी औजार तथा सिसिटिभि क्यामेरा</td><td>सिटिजन इन्फोटेक प्रा.ली.</td><td>१९,९४,१११</td></tr>
<tr><td>३१, ०७८/९/७</td><td>इ हाजिरी मेशिन लगायत</td><td>जुपिटर टेक्नोलोजी प्रा.ली.</td><td>१३,६८,७६९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६(स्वास्थ्य)०७८।९।११</td><td>स्वास्थ्य संस्थाहरुको लागि कम्प्युटर/प्रिन्टर</td><td>आर्यन लड्डु ट्र</td><td>४,९९,००८</td></tr>
<tr><td>६७, ०७९।१।२५</td><td>नगर अस्पतालको लागि एलइडि टिभि र सिसिटिभि</td><td>IFRAZ Enterprises</td><td>२०५०६३</td></tr>
<tr><td>४७,०७८।११।६</td><td>कर्नर सोफासेट सहित ११ प्रकारका समान</td><td>कुशवाहा ब्रदर्स एण्ड सन्स</td><td>३९९५४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.८</td><td></td><td></td><td>भर्पाई - पालिकाले भौचर नं २६, ०७८/८/८ बाट मेशिनरी औजार तथा सिसिटिभि क्यामेरा खरिद बापत सिटिजन इन्फोटेक प्रा.ली.लाई ७ वटा विद्यालयमा सिसिटिभि जडान गर्ने भनी १९,९४,१११ भुक्तानी गरेकोमा श्री ने.रा.मा.वि बेनौली को लागि रु १,०२,९४३ को जडान भएको भर्पाई कागजात संलग्न गरेको पाइएन । जडान भएको सम्बन्धीत विद्यालयको भर्पाई कागजात पेश गर्नुपर्ने रु</td><td>१०२,९४३</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सडक बोर्ड तर्फ</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>बढी भुक्तानी - पालिकाले भौचर नं २ मिति २०७८।१०।९ मा विशनपुर कालोपत्रे देखि कोतवालीसम्म सडक ग्राभेल र मर्मत कार्यको लागि उपभोक्ता समितिलाई रु २५,२४,८६२.१७ भुक्तानी गरेकोमा सडक मर्मत कार्यमा प्रयोग भएका मेशिनको उपयोग अविध सम्बन्धमा उपभोक्ता समितिले पेश गरेको बिल भर्पाई र प्राविधिकको मूल्यांकनमा निम्नानुसार फरक रहेको पाइयो । ग्राभेल कार्य १०१४.४८ घन मिटर भएकोमा उपभोक्ता समितिले बास्तविक प्रयोग गरेको भन्दा प्राविधिकले बढी प्रयोग भएको भनी मूल्यांकन गरेको देखिएकोले बढी भुक्तानी रकम १,०४,९९६ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>मेशिनको प्रकार</th><th>उपभोक्ता समितिको बिल अनुसार (घण्टा)</th><th>प्राविधिकको मूल्यांकन अनुसार (घण्टा</th><th>फरक (घण्टा)</th><th>मेशिनको दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>ग्रेडर</td><td>१२</td><td>२२.३०८</td><td>१०.३०८</td><td>४०००</td><td>४१२३२</td></tr>
<tr><td>रोलर</td><td>६</td><td>२२.३०८</td><td>१६.३०८</td><td>३९१०</td><td>६३७६४</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,०४,९९६</td></tr>
</table></td><td>१०४,९९६</td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>बढी भुक्तानी - पालिकाले भौचर नं ४ मिति २०७८।१२।१५ मा कुडवा चौक देखि लंगडा चौक सम्म सडक ग्राभेल कार्यको लागि उपभोक्ता समितिलाई रु १९,०२,८३०.३९ भुक्तानी गरेकोमा सडक मर्मत कार्यमा प्रयोग भएका मेशिनको उपयोग अविध सम्बन्धमा उपभोक्ता समितिले पेश गरेको बिल भर्पाई र प्राविधिकको मूल्यांकनमा निम्नानुसार फरक रहेको पाइयो । ग्राभेल कार्य ७६४.५५ घन मिटर भएकोमा उपभोक्ता समितिले बास्तविक प्रयोग गरेको भन्दा प्राविधिकले बढी प्रयोग भएको भनी मूल्यांकन गरेको देखिएकोले बढी भुक्तानी रकम १०४९९६ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>मेशिनको प्रकार</th><th>उपभोक्ता समितिको बिल अनुसार (घण्टा)</th><th>प्राविधिकको मूल्यांकन अनुसार (घण्टा</th><th>फरक (घण्टा)</th><th>मेशिनको दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>ग्रेडर</td><td>११</td><td>१६.८२</td><td>५.८२</td><td>४०००</td><td>२३२८०</td></tr>
<tr><td>रोलर</td><td>३</td><td>१६.८२</td><td>१३.८२</td><td>३९१०</td><td>५४०३६</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७७,३१६</td></tr>
</table></td><td>७७,३१६</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>लाभग्राही समुदायबाट खरिदमा कानूनको पालना</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३४.१ | | | **बढी भुक्तानी** - पालिकाले २ नं वडा भरी अधुरो रहेको बाटो मर्मत कार्यको लागि उपभोक्ता समितिलाई रु ९,६८,८२४ भुक्तानी गरेकोमा नगरपालिकाको रसिद अनुसार उपभोक्ता समितिले रोलर ४ घण्टा र ग्रेडर पनि ४ घण्टा भाडामा लिएको देखिन्छ । तर प्राविधिकको मूल्याकंनमा रोलर र ग्रेडर दुबै मेशिन प्रति घनमिटर ०.०२२ घण्टा अर्थात कुल ग्राभेल कार्य ३५१.१५ घन मिटरको लागि ७.७२५३ घण्टा प्रयोग भएको भनी मूल्याकंन गरेको देखिन्छ । प्राविधिकले नर्म्स अनुसार मूल्याकंन गरे पनि फिल्डमा सोही अनुसार मेशिन प्रयोग भएको देखिएन । तसर्थ प्रत्येक मेशिनको लागि ३.७२५ घण्टा बढी मूल्याकंन भएको र उक्त मेशिनहरुको नापि किताबमा समावेश दर रोलरको प्रति घण्टा रु ३९१० र ग्रेडरको प्रति घण्टाको रु ४००० को दरले हुन आउने रु २९,४६४ बढी भुक्तानी भएको देखिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | २९,४६४ |
| ३४.२ | | | **बढी मूल्याकंन** - वडा नं ४ मा रामजानकी मन्दिर फिनिसिङ्ग र अधुरो कम्पाउण्डवाल निर्माण कार्यको लागि पालिकाले भौचर नं १७ मिति २०७८।७।२२ बाट उपभोक्ता समितिलाई रु १८,११,३५७ भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण कार्यको लागत अनुमानमा मुर्ति (Statue) १ थानको रु ३५०००० र Marbel statue ४ थानको ३५००० को दरले रु १४०००० गरी कुल रु ४,९०,००० र घण्टी दुइ वटाको रु १०५००० कायम गरेको पाइयो । तर उक्त समानहरुको मूल्य कसरी कायम गरिएको हो सो को आधार पेश हुन सकेन । प्राविधिक मूल्याकंनमा उक्त समानहरुको मूल्य सोही अनुरुप राखी भुक्तानी भएको देखिन्छ । तर उपभोक्ता समितिले उक्त समानहरु खरिद गरी पेश गरेको बिलमा मुर्ति (Statue) १ थान र Marbel statue ४ थानको मूल्य अभिवृद्धि कर सहित रु ३,३९,००० रहेको र घण्टी दुइ वटाको बिल रकम मूल्य अभिवृद्धि कर सहित रु ९८,३१० रहेको देखिन्छ । यसरी मुर्ति र घण्टी खरिदमा मात्रै बास्तविक बजार दर भन्दा रु १,५७,६९० बढी कायम गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिएकोले उक्त बढी मूल्याकंन भएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १५७,६९० |
| ३४.३ | | | **बिगत आ.ब. को भुक्तानी** - पालिकाले आर्थिक बर्ष २०७६।०७७ मा सम्झौता भई सोही आर्थिक बर्षमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको आयोजना लङ्गडा चौक अधुरो मन्दिर निर्माण कार्यको लागि उपभोक्ता समितिलाई भौचर नं १८ मिति २०७८।७।२२ बाट रु १,६९,४५६ भुक्तानी गरेको पाइयो । बिशेष कारणबश उक्त आर्थिक बर्षमा भुक्तानी हुन नसकेकोमा भुक्तानी बाँकीको विवरण राखी आर्थिक बर्ष ०७७।०७८ मा भुक्तानी दिनुपर्नेमा सो पनि नगरी आर्थिक बर्ष ०७८।०७९ मा आएर भुक्तानी दिएको देखिन्छ । यसरी कार्य भएको करिब दुइ बर्ष पछि भुक्तानी दिनुको कुनै कारण खुलासा गरेको छैन । यसरी लामो समयपछी भुक्तानी दिनु उचित देखिएन । समयमै आयोजना कार्यान्वियन, मूल्याकंन तथा भुक्तानी नगर्ने नगराउने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ । | |
| ३४.४ | | | **ओभरहेड** - पालिकाले वडा नं ४ को रामजानकी मठ परिसरमा छठघाट निर्माण कार्यको लागि भौचर नं ३६ मिति २०७८।९।२२ मा उपभोक्ता समितिलाई रु १९,८४,५९० भुक्तानी गरेकोमा माटो खन्ने कार्यको दर बिष्लेषणमा प्रति घन मिटर रु ४५४.२३ रहेकोमा उपभोक्ता समितिलाई ओभरहेड समेत थप गरी प्रति घन मिटर रु ५२२.२७ को दरले भुक्तानी दिएको देखिएकोले २९८.६९ घन मिटर कार्यमा प्रति घन मिटर रु ६८.०४ को दरले हुन आउने रु २०,३२३ सम्बन्धीतबाट असुल हुनुपर्ने रु | २०,३२३ |
| ३५ | | | **लाभग्राही समुदायबाट खरिदमा कानूनको पालना** | |
| ३५.१ | | | **बढी भुक्तानी** - पालिकाले भौचर नं ३८ मिति ०७८।९।२७ बाट हरपुर टोलमा बदधिमाई मन्दिर निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु ४,७१,४५७ भुक्तानी गरेको छ । मन्दिर स्थित पर्खालको भित्ताको लम्बाई १४.९० रहेकोमा पर्खालमा समावेश ४ वटा कोलमको चौडाइले ओगट्ने लम्बाई घटाइ कायम हुने लम्बाईको आधारमा इट्टा कार्यको मूल्याकंन गरी रकम भुक्तानी दिनुपर्नेमा कोलम समेतमा इट्टा कार्य भएको मूल्याकंन हुदा ०.९२ घन मिटर कार्यको प्रति घनमिटर रु १२,४७० को दरले हुने रु ११,४७८ बढी भुक्तानी हुन गएको र माटो खन्ने कार्यको दरमा ओभरहेड समेत समावेश हुदा १०.९४ घन मिटरको रु ६८.०४ को दरले हुने रु ७४४.३६ समेत कुल रु १२,२२२ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १२,२२२ |
| ३५.२ | | | **तार पोल खरिद तथा जडान कार्य** - पालिकाले वडा नं ६ मा वकिल मियाँको खेतसम्म सिचाईको लागि तारपोल खरिद र जडान कार्यको लागि | ३९,५१० |

| | | | | |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिलाई २० वटा पोल खरिद गरी जडान गरेको भनी भुक्तानी दिएको तर उपभोक्ता समितिले पेश गरेको खरिद बिल तथा निर्णय माइन्यूट समेतमा १७ वटा पोल मात्र खरिद भएको देखिएकोले प्राविधिकको नापी किताबमा बढी मूल्याकंन भएको ३ वटा पोलको खरिद मूल्य रु ३०५१० र सो को जडान खर्च रु ९००० गरी कुल रु ३९,५१० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | |
| ३६ | | | **बढी भुक्तानी** - पालिकाले पूँजिगत स्वास्थ्य तर्फको भौचर नं २ मिति ०७८।८।१६ बाट बेल्दारी स्वास्थ्य चौकीमा २ तले भवन कार्यको लागि उपभोक्ता समितिलाई रु २५,९४,५०४ भुक्तानी दिएको छ । प्राविधिकले तयार गरेको नापी किताबमा लिन्टल बैण्ड र सिल बैण्ड १.३८ घन मिटर कंक्रिट कार्यमा समावेश भई भुक्तानी भएकोमा सो परिमाण ईट्टाको भित्ता बनाउने कार्य परिमाणबाट घटाउनु पर्नेमा नघटाउँदा इट्टा कार्यमा १.३८ घन मिटरको प्रति घन मिटर रु १२४७७ को दरले हुने रु १७,२१८ बढी भुक्तानी हुन गएको देखिन्छ । बढी भुक्तानी रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १७,२१८ |
| ३७ | | | **छोटी मस्जिद निर्माण कार्य** - पालिकाले वडा नं १ को छोटी मस्जिद निर्माण कार्यको लागि उपभोक्ता समितिलाई भौचर नं ६२, मिति २०७९।१।१९ बाट रु १६,५९,५७१ भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः | |
| ३७.२ | | | **कंक्रिट कार्य** - प्राविधिकले तयार गरेको नापी किताबमा PCC for RCC M20 कार्य ३७.५० घनमिटरको लागि प्रति घन मिटर रु १५,०३६ को दरले रु ५,६३,८९२ भुक्तानी गरेको छ । उक्त कार्यको लागि टाइ बिम भन्दा माथिका कोलम १४ वटा रहने गरी सो को लम्बाई चौडाइ तथा उचाई सहित घनमिटरमा कार्य परिमाणको लागत अनुमान तयार गरिएको भएतापनि प्राविधिकले तयार गरेको नापी किताबमा १४ वटा मध्ये २ वटा कोलमको लागि १.८८ मिटर लम्बाई र ३.३५ मिटर उचाई मात्र राखी आएको परिमाण १२.६० लाई घनमिटरमा समावेश गरेको पाइयो । घनमिटर हुनको लागि लम्बाई चौडाइ र उचाइको संयोजन हुनुपर्दछ । उक्त दुइवटा कोलमको लागि लागत अनुमानमा समावेश गरिएजस्तै ०.२३ मिटर चौडाई समावेश गर्दा कार्य परिमाण २.९० घन मिटर मात्र हुने देखिन्छ । यसरी बढी मापन भएको ९.७ घन मिटर कार्यको प्रति घन मिटर रु १५,०३६ को दरले हुने रु १,४५,८४९ बढी भुक्तानी हुनुको कुनै प्राविधिक आधार भए पेश गर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १४५,८४९ |
| ३७.३ | | | **बढी मूल्याकंन** - उक्त भुक्तानीको लागि प्राविधिकले तयार गरेको नापीमा फलाम कुल २९०६.७३ के.जी. प्रयोग भएको भनी मूल्याकंन गरेको छ । तर उपभोक्ता समितिले कुल २०१० के.जी. फलाम मात्र खरिद गरेको बिल पेश गरेको देखिन्छ । यसरी प्राविधिकको मूल्याकंनमा भन्दा र बास्तविक खरिद ८९६.७३ के.जी. कम रहेको पाइयो ।फरक परिणाम ८९६.७३ के.जी. प्रति के.जी. रु १२२.२२ को दरले हुने रकम रु १,०९,५९८ बढी मूल्याकंन भएको सम्बन्धमा थप यथार्थता एकिन गरी सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १०९,५९८ |
| ३८ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३८.१ | | | **८ कोठे भवन निर्माण** - पालिकाले ने.रा.मा.वि. बेल्दारीको ८ कोठे भवन निर्माणको लागि ठेक्का नं २।०७७।०७८ अन्तर्गत निर्माण व्यवसायी जानकी कन्स्ट्रक्सनसँग मिति २०७७।९।८ मा रु १,९०,९१,९५१.५४ को सम्झौता गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः | |
| ३८.२ | | | **कार्य सम्पन्न नभएको** - पालिकाले मिति २०७९ असार मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको भएतापनि कार्य सम्पन्न भएको पाइएन । त्यस्तै कार्य सम्पादन जमानतको म्याद २०७९ असार मसान्तमा समाप्त भएकोमा सो को म्याद पनि थप भएको पाइएन । सम्झौताको म्याद हालसम्म थप पनि नभएको र कार्य पनि सम्पन्न नभएकोले सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिएर र त्रुटी सच्याउने अवधिसम्म जमानतको म्याद समेत थप गरेर मात्र कार्य सम्पन्न गरिनुपर्दछ । | |
| ३९ | | | **बढी भुक्तानी** - पालिकाले भौचर नं ६५ मिति ०७९।१।२३ बाट वडा नं ७ धर्मनगर टोलमा अधुरो मूल सडक ढलान कार्यको लागि उपभोक्ता समितिलाई रु ५,५२,०४१ भुक्तानी दिएकोमा इट्टा बिछ्याउने कार्यको लागि कार्यालयको दर प्रति बर्ग मिटर रु ८०२.८२ रहेको तर प्राविधिकको नापी किताबमा प्रति बर्ग मिटर रु ८२८.३७ समावेश हुदा प्रति बर्ग मिटर रु २५.५४ को दरले १७५.५६ बर्ग मिटरको रु ४४८४ बढी भुक्तानी | ४,४८४ |

<table>
<tr><td></td><td></td><td></td><td>भएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कर्मचारी मार्पत भुक्तानी - पालिकाले निम्नानुसारका कारोबारमा खरिद गरिएका समानहरुको बिजक प्राप्त भएपछी सम्बन्धीत पार्टीलाई भुक्तानी दिनुपर्नेमा कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिने कमजोरीमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>भौचर नं र मिति</th><th>कारोबारको प्रकृति</th><th>भुक्तानी पाउने कर्मचारी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४९, ०७८।१२।१८</td><td>विभिन्न भवनहरु उदघाटन समारोह</td><td>राजेश कुमार यादव</td><td>३४६१५०</td></tr>
<tr><td>६७, ०७९।१।२५</td><td>नगर अस्पतालमा सिसिटिभि जडान</td><td>रामलेश प्रसाद यादव</td><td>२०५०६३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सशर्त शिक्षा</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>शिक्षक तलबी प्रतिवेदन - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका 207८/7९ अनुसार स्थानीय तहले सम्वन्धित स्थानीय तह अन्तर्गतका बिद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरवन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा समन्वय इकाईबाट एकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै सोको आधारमा बिद्यालयको तलवी माग फारम समेत रुजु गरी शिक्षक तलव सम्बन्धित बिद्यालयको खातामा निकासा दिनुपर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष पालिका अन्तर्गत स्थायी र अस्थायी शिक्षक, राहत शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलव, ग्रेड रकम एवं भत्ता एकिन गर्न सकिएन । अतः तलवी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>बिद्यालयगत निकासा - पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अत बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>दरवन्दी मिलान - शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि, नि मा बि र मा बि मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४१.४</td><td></td><td></td><td>शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)- कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०७८।७९ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १–८) प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १–५ प्रति विद्यार्थी वार्षिक रु १५० का दरले, कक्षा ६–१० प्रति विद्यार्थी वार्षिक रु २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु २०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु १५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोही आधारमा मात्र अनुदान निकासा दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.५</td><td></td><td></td><td>बढी निकासा - कार्यक्रम कार्यान्यिवन पुस्तिका २०७८।७९ अनुसार सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको तलव भत्ता तथा पोशाक भत्ता तेस्रो त्रैमासिकमा निकासा गर्दा विद्यालय कर्मचारी तथा विद्यालय सहयोगी नभएको विद्यालय श्री ने. रा. प्रा. वि. पकडीया इनर्वालाई १ जना शिक्षक बराबरको पोषक भत्ता बापत रु १०,००० निकासा भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु</td><td>१०,०००</td></tr>
<tr><td>४१.६</td><td></td><td></td><td>विद्यालय कर्मचारी व्यवस्थापन - कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.१.१.४.१ अनुसार बालविकास सहजकर्ता तथा विद्यालय सहयोगीको मासिक तलव ८,००० र विद्यालय सहायक कर्मचारीको तलव मासिक १३,५०० रकम सशर्त अनुदानबाट भुक्तानी दिने व्यवस्था गरेको छ । नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक मापदण्ड अनुसार रु.१५,००० रहेकोले नपुग थप रकम सम्बन्धित स्थानीय तह आफैले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित बमोजिमको २९ जना कर्मचारीहरुलाई आ.व. २०७८।७९ को तलव भत्ता भुक्तानी गर्दा ३४,२२,५०० स्थानीय तह स्वयमले व्यहोर्नुपर्नेमा सशर्त अनुदानबाट भुक्तानी भएकोले उक्त रकम संघीय संचित कोष फिर्ता हुनुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>विद्यालयको नाम</th><th>वापत</th><th>भुक्तानी रकम</th><th>भुक्तानी हुनुपर्ने</th><th>फरक रकम</th></tr>
<tr><td>१०।२०७९।६।२१ श्रावण देखि असोज</td><td>२० वटा विद्यालयमा</td><td>तलव भत्ता वालविकास</td><td>१५०००००</td><td>८०००००</td><td>७०००००</td></tr>
<tr><td></td><td>२४ वटा विद्यालय</td><td>तलव भत्ता का।स. तथा ले . प .</td><td>१५०२०००</td><td>८७६०००</td><td>६२६०००</td></tr>
<tr><td>३८।२०७९।१०।२ कार्तिक देखि पुस</td><td>२० वटा विद्यालयमा</td><td>तलव भत्ता वालविकास</td><td>११२५०००</td><td>६०००००</td><td>५२५०००</td></tr>
<tr><td></td><td>२४ वटा विद्यालय</td><td>तलव भत्ता का।स. तथा ले . प .</td><td>११२६५००</td><td>६५७०००</td><td>४६९५००</td></tr>
<tr><td>६६।२०७८।११।३० माघ देखि चैत्र</td><td>२० वटा विद्यालयमा</td><td>तलव भत्ता वालविकास २५ जना</td><td>१४३००००</td><td>८५००००</td><td>५८००००</td></tr>
<tr><td></td><td>२४ वटा विद्यालय</td><td>तलव भत्ता का।स. २४ तथा ले . प . २</td><td>१४१६५००</td><td>८८४०००</td><td>५२२०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३४,२२,५००</td></tr>
</table></td><td>३,४२२,५००</td></tr>
<tr><td>४१.७</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम - पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ अनुसार प्रति विद्यार्थी रु. १५ का दरले निम्नानुसार २५ वटा विद्यालयलाई रु १,३७,६९,१७५ निकासा गरेको छ । यसरी निकासा भएको रकम विद्यालयहरुले बास्तविक रुपमा कति खर्च गरे वा गरेनन भन्ने सम्बन्धमा पालिकाबाट तथ्याकं भिडान भएको पाइएन । यसबाट निकासा भएको सबै रकम दिवा खाजामा सदुपयोग भएको छ भनी आश्वस्त हुन सकिएन । पालिकाले निकासा भएको रकम अनुसार विद्यार्थीहरुले दिवा खाजा प्राप्त गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१.८</td><td></td><td></td><td>पाठ्यपुस्तक तर्फ - कार्यालयले गाउँपालिकामा रहेका १० वटा विद्यालयका कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक बापत रु ५२२१०८३ निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, एकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७९ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुरुप निकासा दिएको देखिएन ।त्यसतै निकासा भएको रकम पनि विद्यालयबाट बिल भर्पाई प्राप्त गरी के कति उपयोग भयो र कति बाँकी छ भनी एकिन गरेको पाइएन । तसर्थ ७५ प्रतिशत निकासा पश्चात बिल भर्पाईको आधारमा नपुग हुने विद्यलालयलाई</td><td>१,३०५,२७१</td></tr>
</table>

रकम निकासा नगरी सबैलाई दुइ किस्तामा १०० प्रतिशत नै निकासा गरेको देखिएकोले पछिल्लो २५ प्रतिशत निकासा यथार्थ उपयोग भए नभएको बिल भर्पाईको आधारमा एकिन गरी पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | जम्मा रकम | ७५ प्रतिशत | २५ प्रतिशत |
|---|---|---|---|
| श्री ने रा मा वि वेनोली | ४०८४४५.३ | ३०६३३३.९८ | १०२१११.३३ |
| श्री गोल्डरेड प्रा वि कुडवा ५ | ८४५६४ | ६३४२३ | २११४१ |
| श्री ने रा मा वि पपरपाती पचरौता | १३७९०३४.१८ | १०३४२७५.६४ | ३४४७५८.५५ |
| श्री ने रा प्रा वि गुलरीया | १०३४०७.९ | ७७५५५.९३ | २५८५१.९८ |
| श्री ने रा प्रा वि बाजोपटी | १७९८१०.३ | १३४८५७.७३ | ४४९५२.५८ |
| श्री ने रा प्रा वि सखुआट ९ | ९५३५४.३ | ७१५१५.७३ | २३८३८.५८ |
| श्री ने रा प्रा वि छपकैया | ८९५७०.१ | ६७१७७.५८ | २२३९२.५३ |
| बल तथा महिला प्रा वि अमरपटी | ८१४२५.९ | ६१०६९.४३ | २०३५६.४८ |
| श्री ने रा प्रा वि पिपरपाती पचरौता | ७७७०३.७ | ५८२७७.७८ | १९४२५.९३ |
| गोविन्द वावा प्रा वि पिपरपाती पचरौता | ७९००३.२ | ५९२५२.४ | १९७५०.८ |
| दलित प्रा वि हरपुर ८ | ६३७००.८ | ४७७७५.६ | १५९२५.२ |
| श्री ने रा मा वि वेल्दारी | ८०४८७५.७ | ६०३६५६.७८ | २०१२१८.९३ |
| श्री ने रा प्रा वि पकडिया ९ | ८३३३८.१ | ६२५०३.५८ | २०८३४.५३ |
| जनकल्याण प्रा वि पकडिया १ | ८१०१८.७ | ६०७६४.०३ | २०२५४.६८ |
| श्री जनचेतना प्रा वि धर्मनगर | ९२९३८.३ | ६९७०३.७३ | २३२३४.५८ |
| श्री ने रा प्रा वि वेनोली भवानीपुर | ३२८४६.४ | २४६३४.८ | ८२११.६ |
| श्री ने रा प्रा वि कुडवा ८ | ३३६८८६.८ | २५२६६५.१ | ८४२२१.७ |
| श्री ने रा प्रा वि बलधुम्वा ९ | १११९५१.५ | ८३९६३.६३ | २७९८७.८८ |
| श्री ने रा प्रा वि श्रनगरबैरिया ७ | १५०२८८ | ११२७१६ | ३७५७२ |
| श्री ने रा नि मा वि पकडिया ५ | ३०३९३४.६ | २२७९५०.९५ | ७५९८३.६५ |
| श्री ने रा प्रा वि विसुनपुर | १४१२४०.४ | १०५९३०.३ | ३५३१०.१ |

| | | | |
|---|---|---|---|
| श्री ने रा नि मा वि भढीटोल | १२९६४८.८ | ९७२३६.६ | ३२४१२.२ |
| श्री ने रा प्रा वि बरगाछी श्रीनरबैरिया | ३३७८७.२ | २५३४०.४ | ८४४६.८ |
| मदरसा इसलामिया सिदिकिया पकडिया | १४३४९९.७ | १०७६२४.७८ | ३५८७४.९३ |
| श्री ने रा प्रा वि रामनगर | १३२८०९.५ | ९९६०७.१३ | ३३२०२.३८ |
| **जम्मा** | **५२२१०८३.३८** | **३९१५८१२.५४** | **१३०५२७१** |

| | | | | |
|---|---|---|---|---|
| ४१.९ | | | स्यानिटरी प्याड - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३८३ जना रहेका छन। पालिकाले गो.भौ.नं ८७ बाट स्यानिटरी प्याड खरिद वापत रु.९,३९,१८८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । | |
| ४२ | | | **प्राविधिक धार अनुदान** - प्राविधिक धार संचालन भएका विद्यालयका लागि प्रति विद्यावर्थी लागतका आधारमा सिक्षण अनुदान ११५ जना कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुलाई रु १५,००० का दरले रु ८,६२,५०० निकासा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय विपरपातीलाई प्रथम र दोस्रो निकासा भएकोमा देखिएका व्यहोरा यस प्रकार छनः | |
| ४२.१ | | | **Lab Assistant, Equipment and Practical Material** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ ले स्तानीय तहले अनुदान वितरण गर्नुपर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार संचालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसुची १२ मा उल्लेखित विद्यालयहरु तोकिएको मापदण्ड अनुसार संचालन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिको विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी संख्या एकिन गरी शिक्षाण सिकाई सामाग्री, ल्याव असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्रीहरु व्यवस्थापन तथषा व्यवहारिक अध्यासका लागि प्रति विद्यार्थी रु.१५,००० का दरले हुन आउने रकम एकमुष्ट अनुदानका रुपमा विद्यालयलाई अनुदान दिने व्यवस्था गरिएको छ । पालिकाले अनुदान निकास रु. ८,६२,५०० श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय पिपरपातीलाई प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या तथा ल्याव असिस्टेन्ट सम्बन्धित प्रमाणति कागजात पेश नगरेकोले कार्यक्रम कार्यान्वियन पुस्तिका अनुरुप अनुदान निकास गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| ४२.२ | | | **बढी निकासा** - नगरपालिकाले पेश गरेको विवरण अनुसार प्राविधिक धार अध्ययनरत विद्यार्थीहरु कक्षा ९ देखि १२ सम्म जम्मा ११४ जनालाई प्रति विद्यार्थी १५००० का दरले प्रथम र दोस्रो निकासा स्वरुप रु ८,५५,००० श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय पिपरपातीलाई निकासा गर्नुपर्ने नगरपालिकाले ८,६२,५०० निकासा गरेकोले बढि निकासा भएको रकम रु ७,५०० सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु | ७,५०० |
| ४३ | | | **विद्यालय शैक्षिक गुणस्तर सुद्धिढिकरण लागि अनुमन मुल्याङ्कन खर्च** | |
| ४३.१ | | | विद्यालय शैक्षिक गुणस्तर सुद्धिढिकरण लागि अनुमन मुल्याङ्कन खर्च - कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३. विद्यालय शैक्षिक गुणस्तवर सुद्धिढीकरणका क्रियाकलापमा कार्यालयले अनुगमन तथा मुल्याङ्कन खर्च भनी रु ७,५०,००० खर्च गरेकोमा देखिएका | |

<table>
<tr><td></td><td></td><td></td><td>व्यहोराहरु यस प्रकार रहेका छनः</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>विद्यालय सुपरिवेक्षण - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालय सुपरिवेक्षण र शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी बनाउन शिक्षा विकास तथा समन्वय इकाईसँग समन्वय गरी अनुगमन तथा योजना निर्माण गर्ने, जिल्ला एवं स्थानीय तहका शिक्षा शाखामा कार्यरत अधिकृत स्तरका कर्मचारी, माध्यमिक तहका शिक्षक रहेको विषयगत समिति तथा विषय विज्ञ रहेको रोष्टर निर्माण गर्ने, उक्त रोष्टर मध्येबाट स्थानीय तह अन्तर्गतका सवै विद्यालयमा ३ महिनामा कम्तिमा एक पटक सुपरिवेक्षण गरी पेशागत सहयोगको लागि कक्षा अवलोकन, पृष्ठपोषण आदन प्रदान, नमुना पाठ प्रदर्शन, छोटो अवधिका मागमा आधारित तालिम संचालन एवं शैक्षिक समस्या समाधानका लागि छलफल गर्ने, गराउने व्यवस्था छ । यस कार्यक्रम कार्यान्वियनका लागि ५० विद्यालयसम्म भएका स्थानीय तहका लागि रु ७५ हजार, १०० विद्यालयसम्म भएका स्थानीय तहका लागि रु १ लाख सम्म र १५० सम्म विद्यालय भएका स्थानीय तहका लागि १ लाख ५० हजार र सो भन्द बढी विद्यालय भएका स्थानीय तहका लागि रु २ लाख रकम बजेट व्यवस्था भएको र सो अनुसार खर्च गर्नुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ मा छ । तर पालिकाले शैक्षिक गुणस्तवर सुद्धिढीकरणका लागि अनुगमन भनी २५ वटा विद्यालय भएकोमा कार्यान्वियन पुस्तिका अनुसार रु ७५ हजार खर्च हुनुपर्नेमा १०० दिनको प्रति दिन दैनिक भ्रमण भत्ताको दरले ५ जना कर्मचारीलाई रु ७,५०,००० भुक्तानी दिएकोले कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ मा भएको व्यवस्था भन्दा बढी भुक्तानी हुन गई पालिकालाई थप व्ययभार परेको देखिएको रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>बजेट अनुसार पाउने दिन</th><th>भुक्तानी भएको दिन</th><th>बढी भुक्तानि दिन</th><th>कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार पाउने</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>श्याम प्रसाद यादव</td><td>१०.५</td><td>१०५</td><td>९४.५</td><td>१६८००</td><td>१६८०००</td><td>१५१२००</td></tr>
<tr><td>प्रमोद प्रसाद यादव</td><td>१०.५</td><td>१०५</td><td>९४.५</td><td>१६८००</td><td>१६८०००</td><td>१५१२००</td></tr>
<tr><td>नवल किशोर यादव</td><td>१०.५</td><td>१०५</td><td>९४.५</td><td>१६८००</td><td>१६८०००</td><td>१५१२००</td></tr>
<tr><td>हासिम मियाँ अन्सारी</td><td>१०.५</td><td>१०३</td><td>९२.७</td><td>१२३६०</td><td>१२३६००</td><td>१११२४०</td></tr>
<tr><td>दिपक प्रसाद चौधरी</td><td>१०.५</td><td>१०२</td><td>९१.८</td><td>१२२४०</td><td>१२२४००</td><td>११०१६०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६७५०००</td></tr>
</table></td><td>६७५,०००</td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन - कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.१३.१३. विद्यालय शैक्षिक गुणस्तवर सुद्धिढीकरणका लागि कार्यालयले अनुगमन तथा मुल्याङ्कन वापत रु.७५०००० भुक्तानी भएकोमा कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था भए अनुसार प्रगति प्रतिवेदन पेश गर्नुपर्नेमा अनुगमन वापत भुक्तानी भएको भएता पनि कार्यालयले प्रगति प्रतिवेदन अनुगन प्रतिवेदनका साथै EMIS DATA सत्यापन गरी निकासा गरेको देखिदैन । अतः कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.४</td><td></td><td></td><td>पारिश्रमिक कर - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३. विद्यालय शैक्षिक गुणस्तवर सुद्धिढीकरणका लागि अनुगमन तथा मुल्याङ्कन वापत भुक्तानी गर्दा अनुगमन भत्तामा १५ प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेकोले नियम अनुसार लाग्ने अग्रिम कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>११,२५०</td></tr>
</table>

| कर्मचारीको नाम | उपस्थित दिन | दर | जम्मा रकम | अग्रिम कर |
|---|---|---|---|---|
| श्याम प्रसाद यादव | १०.५ | १६०० | १६८०० | २५२० |
| प्रमोद प्रसाद यादव | १०.५ | १६०० | १६८०० | २५२० |
| नवल किशोर यादव | १०.५ | १६०० | १६८०० | २५२० |
| हासिम मियाँ अन्सारी | १०.३ | १२०० | १२३६० | १८५४ |
| दिपक प्रसाद चौधरी | १०.२ | १२०० | १२२४० | १८३६ |
| **जम्मा** | | | | **११,२५०** |

४४ **खर्च मापदण्ड -** पालिकाले विभिन्न समयमा आयोजना गर्ने तालिम तथा अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक भत्ता, सहभागी आतेजाते खर्च, खाना तथा खाजा जस्त विविध खर्च शिर्षकहरुमा हुने खर्च संघ र प्रदेशको खर्च मापदण्ड अनुकुल हुने गरी कानून बनाउने र सो अनुरुप कार्यान्वयन गर्ने गरेको पाइएन । यसबाट कतिपय तालिम कार्यक्रममा बढी लागत अनुमान तयार हुन जाने तथा आफैले आयोजना गरेको तालिम कार्यक्रममा पनि मितव्ययिताको दृष्टिकोणले बढी खर्च हुन जाने जस्ता समस्या देखिएका छन । उल्लिखित कमजोरी समयमै सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाईनुपर्दछ ।

४५ **स्वास्थ्य (स्थानीय तह**

४५.१ **निःशुल्क औषधी वितरण -** पालिकाले यस वर्ष सर्शत अनुदानबाट रु.७०,२३,६०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरी नगरपालिका भित्रका स्वास्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरी पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरेको औषधिमा नि:शुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई नि:शुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।

| गो.भौ.नं | भुक्तानी पाउनेको नाम | विवरण | रकम |
|---|---|---|---|
| २१ | अमन फार्मेसी | स्वास्थ्य शाखा संचालन खर्च तर्फ बाट ल्याव सेवा संचालन केमिकल खरिद | ६०१६५ |
| २६ | अमन ट्रेडर्स | ज्यानो झोला खरिदा | ४४९१७५ |
| ४५ | हाम्रो सर्जिकल | सर्जिकल सामान खरिद | ४२३७५ |
| ८६ | अमन फार्मेसी | औषधी तथा सर्जीकल सामाग्री खरिद | ४९९९६४५ |
| **नगरपालिकाल स्वास्थ्य तर्फ** | | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>आमना पार्मेसी</td><td>निःशुल्क आँखा शिविर संचालनको लागि औषधी खरिद</td><td>२०९८००</td></tr>
<tr><td>६</td><td>आमना ट्रेडर्स</td><td>निःशुल्क बन्ध्याकरण शिविर संचालनको लागि औषधी खरिद</td><td>९१५३०</td></tr>
<tr><td>१७</td><td>साक्षी मेडिकल हल</td><td>निःशुल्क बन्ध्याकरण शिविर संचालनको लागि औषधी खरिद</td><td>३०५६००</td></tr>
<tr><td>२५</td><td>आमना पार्मेसी</td><td>निःशुल्क बन्ध्याकरण शिविर संचालनको लागि औषधी खरिद</td><td>४८५००</td></tr>
<tr><td>२७</td><td>नवल किशोर यादव</td><td>कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि सामाग्री खरिद</td><td>१६२४३६</td></tr>
<tr><td>३</td><td>जानकी पेडिकल हल</td><td>नगर अस्पतालको संचालनको लागि औषधी खरिद</td><td>६५४३७४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७०,२३,६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा गत वर्ष ३२५ थान यस वर्ष ५०० थान गरी ८२५ खरिद गरेकोमा गत वर्ष २४१ जना र यस वर्ष २५३ जना र गरी ४९४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । गाउँपालिकाको भण्डारमा खरिद गरिएका ३३१ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.३</td><td></td><td></td><td>क्षयरोग कार्यक्रमको कवहर्ट एनालाइसिस समिक्षा कार्यक्रम - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर २१ बाट क्षयरोग कार्यक्रमको कवहर्ट एनालाइसिस समिक्षा कार्यक्रम संचालन गर्न नवल किशोर यादवलाई रु १,५३,०१५ भुक्तानी लिएकोमा विल भरपाई परीक्षण गर्दा मिति २०७८।५।३ मा भएको समिक्षा गोष्ठीमा उपस्थिति नभएका दिपक प्रसाद चौधरीले उपस्थित नभए पनि २ सेसनको १००० का दरले रु १७०० भुक्तानी लिएको र मासिक समिक्षा गोष्ठी कार्यक्रममा शिक्षा संयोजक प्रमोद प्रसाद यादवले १७०० र का. स. विरेन्द्र बैधले रु ५१० बुझिलिएको नदेखिएकोले उक्त रकम रु ३,९१० सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>३,९१०</td></tr>
<tr><td>४५.४</td><td></td><td></td><td>गो भौ नं ५४ बाट रु २०००० को १० थान स्वस्थ्य सम्बन्धी जनचेतनामुलक व्यानर नवल किशोर यादव एच के जेनेरल अर्डर सप्लायर्स को विल बाट खरिद गरिएको जिन्सी दाखिला नभएको माग फारम खरिद आदेश नभएको प्रयोजन पशुपंक्षी आदि बाट हुने वर्ड फ्लु आदि विभिन्न सरुवा रोग सम्बन्धि रोकथाम तथा नियन्त्रणको लागि सचेतना कार्यक्रमको लागि व्यानर छपाई जिन्सी दाखिला नभएको रु</td><td>२०,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>स्वास्थ्य तर्फको अनुगमनः</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>स्वास्थ्य तर्फको अनुगमन - कार्यालयले गो.भौ.नं ११० बाट स्वास्थ्य तर्फका विभिन्न क्षेत्रमा भएको अनुगमन भत्ता वापत ३ जना कर्मचारीलाई कुल १०० दिनको दैनिक भ्रमण भत्ताका दरले अनुगमन भत्ता वापत रकम रु ४,४०,००० भुक्तानी भएकोमा देखिएका व्यहोराहरु यस प्रकार छनः</td><td></td></tr>
</table>

४६.२ **बढी भुक्तानी** - कार्यालयले स्वास्थ्य तर्फका विभिन्न क्षेत्रको अनुगमन तथा मुल्याङ्कन वापत भुक्तानी गरेकोमा कार्यालयले पेश गरेको हाजिरी रजिष्टर परीक्षण गर्दा निम्नानुसारको काज तथा अन्य विदामा रहदाको समयको पनि अनुगमन भत्ता भुक्तानी लिएको देखिएकोले काज तथा विभिन्न विदाको समयमा अनुगमन भत्ता भनी भुक्तानी लिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | जम्मा अनुगमन दिन | दर | काज तथा विदा | भुक्तानी रकम | काज तथा विदा दिनको रकम |
|---|---|---|---|---|---|
| श्याम प्रसाद यादव | १०० | १६०० | ५९ | १६०००० | ९४४०० |
| **जम्मा** | | | | | **९४४००** |

...(प्रारम्भिक प्रतिवेदन उपर असुली प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. १००४०० सम्परीक्षण गरिएको ।)

९४,४००

४६.३ **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका विभिन्न क्षेत्रको अनुगमन तथा मुल्याङ्कन वापत भुक्तानी गर्दा अनुगमन भत्तामा १५ प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेकोले नियम अनुसार लाग्ने अग्रिम कर सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| कर्मचारीको नाम | उपस्थित दिन | दर | जम्मा रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|
| श्याम प्रसाद यादव | ४१ | १६०० | ६५६०० | ९८४० |
| नवल किशोर यादव | ६७ | १६०० | १०७२०० | १६०८० |
| हासिम मिया अन्सारी | ६० | १२०० | ७२००० | १०८०० |
| **जम्मा** | | | | **३६,७२०** |

३६,७२०

४७ **स्वास्थ्य (स्थानीय तह)**

४७.१ **खाना खर्च** - नगरपालिकाबाट संचालित बृहत पोषण कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता अभिवृद्धि कार्यक्रममा विभिन्न मिति जम्मा ५८९ जना उपस्थित भएकोमा खाजा वापत रकम भुक्तानी गर्दा प्रति सेट रु २०० का दरले रु १,१७,८०० भुक्तानी गर्नुपर्नेमा खाजाको विल रु २,४१,००० को पेश गरि भुक्तानी गर्द पालिकालाई रु १२३२०० थप व्ययभार परेको पाइयो । कार्यक्रममा खर्च गर्दा पालिकाले आफ्नै मापदण्ड बिकास गरी वा संघ तथा प्रदेश सरकारबाट बनाइएको मापदण्ड अनुरुप नै हुने गरी सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनुपर्दछ ।

४७.२ **बढी भुक्तानी** - भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण आरम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची ५ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौचर नं. १३० बाट ५ जना कर्मचारीलाई भ्रमण खर्च भुक्तानी रु. ३४३५० गर्दा बिल भरपाई परीक्षण गर्दा निम्न कर्मचारीहरुलाई निम्नानुसारको बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| कर्मचारीको नाम | देखि | सम्म | दर | जम्मा | भुक्तानी | भुक्तानि हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| अरमान अन्सारी | २०७९।२।२५ | २७९।२।२९ | ५ दिन | १२०० | ८३०० | ५१०० | ३२०० |
| विरेन्द्र कुमार वैठा | २०७८।११।९ | २०७८।११।१३ | ५ दिन | १००० | ५२५० | ४२५० | १००० |

६,२००

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अनिल कुमार पटेल</td><td>२०७८।११।१९</td><td>२०७८।११।२४</td><td>६ दिन</td><td>१०००</td><td>६२५०</td><td>५२५०</td><td>१०००</td></tr>
<tr><td>अनिल कुमार पटेल</td><td>२०७८।१२।१९</td><td>२०७८।१२।२४</td><td>६ दिन</td><td>१०००</td><td>६२५०</td><td>५२५०</td><td>१०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>६२००</td></tr>
</table>
....... (प्रारम्भिक प्रतिवेदन उपर असुली प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ३२०० सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>फिल्ड भत्ता - कार्यालयसंग भएको सम्झौतामा फिल्ड भत्ता पाउने व्यवस्था नभएकोमा अभिजित रजकलाई भत्ता ६ महिनाको भुक्तानी गरेको पाइयो । यसरी भत्ता दिन पाउने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>१८,०००</td></tr>
<tr><td>४७.४</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौचर नं ८९ बाट नवल किशोर यादवलाई हात्तीपाइलो रोग विरुदको आम औषधी सेवन कार्यक्रमका लागि रु ८,६६,२३० भुक्तानी गरेकोमा निम्न कर्मचारीहरुले रकम बुझिलिएको नदेखिएकोले रकम बुझिलिएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>पद</th><th>रकम</th></tr>
<tr><td>अखिलेश प्रसाद यादव</td><td>सल्लाहकार</td><td>५९५</td></tr>
<tr><td>रमेश कुमार याद्रव</td><td>नगर प्रमुख</td><td>७९५</td></tr>
<tr><td>अरमान अन्सारी</td><td>योजना पशाखा</td><td>५९५</td></tr>
<tr><td>ज्ञानेन्द्र चौधरी</td><td>अ. हे . व</td><td>७९५</td></tr>
<tr><td>गंगा राम</td><td>अ. हे . व</td><td>७९५</td></tr>
<tr><td>सरस्वती देवि दास</td><td>स्विपर</td><td>७९५</td></tr>
<tr><td>ललिता कुमारी यादव</td><td>अनमी</td><td>७९५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१६५</td></tr>
</table>
</td><td>५,१६५</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>भ्रमण भत्ता</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>भ्रमण भत्ता - कार्यालयले विभिन्न मितिमा भएको दैनिक भ्रमण वातप विभिन्न कर्मचारिहरुलाई गो.भौ.नं. ६७ बाट रु ३,१६,५०० भुक्तानी गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छनः</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>भ्रमण प्रतिवेदन - भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारिले भ्रमण समाप्त भएपछि नियम अनुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्ययस्था छ । कार्यालयले विभिन्न मितिमा भ्रमण गरेको भनी १५ जनालाई कुल रु ३,१६,५०० भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार भ्रमण प्रतिवेदन पेश गरेको नदेखिदा भ्रमण वास्तविक हो भनी एकिन हुन सकेन । अतः यस्तो कार्यमा नियमावलीमा भएको व्यवस्था अनुसार भ्रमण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदन पेश गर्नुपर्दछ । भ्रमण प्रतिवेदन बिना खर्च लेख्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ । | |
| ४८.३ | | | **बढी भुक्तानी -** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण आरम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची ५ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर सोको पालना भएको नदेखिदा कार्यालयले पेश गरेको हाजिरी रजिस्टरबाट निम्म कर्मचारीको हाजिरी परीक्षण गर्दा काज दोहोरो परेको, कार्यालयमा हाजिरी भई भ्रमण खर्च लिएको देखिदा निम्म कर्मचारीबाट भ्रमण खर्च स्वरुप भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु | २०,४०० |

| कर्मचारीको नाम | देखि | सम्म | दर | जम्मा | भुक्तानी | भुक्तानि हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| श्याम प्रसाद यादव | २०७८।११।३ | २०७८।११।१० | ८ दिन | १६०० | ४६४०० | #### | २०४०० | फागुन ३ र ४ मा हाजिरी भएको १३ देखि १५ सम्म अख्तियारमा काज रहेको र १६ हाजिरी भएको माघ १७ देखि २६ सम्म जनकपुर काग |
| | २०७८।११।१५ | २०७८।११।२० | ६ दिन | | | | | |
| | २०७८।१०।१७ | २०७८।१०।२३ | ७ दिन | | | | | |
| | २०७८।१०।७ | २०७८।१०।१३ | ७ दिन | | | | | |
| | २०७८।११।५ | २०७८।११।१२ | ८ दिन | | | | | |
| | २०७८।११।१५ | २०७८।११।१८ | ४ दिन | | | | | |
| | २०७८।१०।२० | २०७८।१०।२७ | ८ दिन | | | | | |
| | २०७८।११।२० | २०७८।११।२६ | ७ दिन | | | | | |
| जम्मा | | | | | | | २०४०० | |

...... (प्रारम्भिक प्रतिवेदन उपर असुल प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ५४२०० सम्परीक्षण गरिएको ।)

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **पोषण संवेदनशिल कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित पोषण संवेदनशिल कार्यक्रममा सुनौलो हजार दिनका घरधुरीलाई फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि तलिम तथा पोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि टुवाइलेट वाल्टिन, जग, ब्रस, हार्पिक तथा सावुनको प्याकेट ३०० सेट रु ५,२२,०६० को भौचर नं १०६ मा ठाकुर ट्रेडर्स एण्ड सप्लायर्सबाट खरिद गरिएकोमा वितरणको भरपाई पेश नभएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु | ५२२,०६० |
| ५० | | | **पोषण कार्यक्रम** | |
| ५०.१ | | | **पोषण संवेदनशील कार्यक्रम -** नगरपालिकाले गो भौ नं १०५ बाट नवल किशोर यादवलाई पोषण संवेदनशिल कार्यक्रम वापत ३,६९,५०० भुक्तानी भएकोमा देखिएका व्यहोरा यस प्रकार छनः | |
| ५०.२ | | | **भरपाई पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाको ९ वटै वडाका ५ बर्ष मुनिका बच्चाहरुको पोषण | ३८,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | लेखाजोखा तथा पोषण स्थिति कार्यक्रममा ५ जना स्रोत व्यक्ति तथा सहजकर्ताले कुल ३८ दिन प्रति दिन १००० का दरले जम्मा रु ३८,००० भुक्तानी लिदा रकम बुझिलिएको नदेखिएकोले रकम बुझिलिएको भरपाई पेश गर्नुपर्ने रु | |
| ५०.३ | | | **अनुगमन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकालबाट संचालित पोषण लेखाजोखा कार्यक्रम मिति २०७८।१२।२४ देखि २७ र मिति २०७८।१२।२४ देखि २९ सम्म संचालित ९ दिने कार्यक्रममा नगर प्रमुखले ९ दिन नै अनुगमन गरेको भनी ९ दिनको २००० का दरले रु.१८००० भुक्तानी लिएकोमा रकम बुझेको भरपाई पेश गर्नुपर्ने रु. | १८,००० |
| ५०.४ | | | **पारिश्रमिक कर -** आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्गा छ । नगरपालिकाबाट संचालित ५ बर्ष मुनिका बच्चाको पोषण लेखाजोखा तथा पोषण स्थिति कार्यक्रममा सहजकर्ता तथा स्रोत व्यक्ति तथा सहभागीलाई भत्ता स्वारुप रु १,७३,६०० भुक्तानी गरिएकोमा नियम अनुसार लाग्ने १५ प्रतिशत रु २६,०४० कट्टा गर्नुपर्नेमा रु २२,९५३ मात्र कट्टा गरी दाखिला गरेको देखिएकोले कम कट्टा भएको रकम रु ३०६३ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ३,०६३ |
| ५०.५ | | | **सहजकर्ता तथा स्रोत व्यक्ति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट संचालित कार्यक्रमका सहजकर्ता तथा स्रोत व्यक्तिका रुपमा रहेका नगरप्रमुखले २ दिनको रु २००० का दरले जम्मा रु ४००० बुझिलिएको भरपाई पेश नभएकोले सञ्चित कोष दाखिला गर्नुपर्ने रु | ४,००० |
| ५१ | | | **स्वास्थ्य (स्थानीय तह)** | |
| ५१.१ | | | **भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकालले पालिलका स्तरीय स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समीक्षा वापत गो.भौ.नं.१११ बाट २३ जना कर्मचारीलाई मासिक, अर्धबार्षिक तथा बार्षिक समिक्षा बैठकको रकम रु १,२२,००० भुक्तानी गर्दा भत्ता बुझेको भरपाई पेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १२२,००० |
| ५१.२ | | | बढी भुक्तानीः<br>✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. २,२१,००६ ।- सम्परीक्षण गरिएको ।) | ० |
| ५२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ५२.१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा ४ योजना सञ्चालन गरी यस वर्ष ८४ जनालाई औसत ८८ दिनले ७४१५ दिन रोजगारी उपलब्ध गराई रु.१२२१७०३ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम | |

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>पारिश्रमिक करः<br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/ पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ७९८७. ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुदान - नगरपालिकाले कृषि तथा पशु शाखामा अनुदानको लागि कृषक, कृषक समुह, कृषक सहकारी संस्था छनोट तथा मुल्याङ्कन गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट तथा मुल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । कार्यविधि तयार नगरी कृषक छनोट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भएका हुन भन्न सक्ने अवस्था समेत छैन । अतः नगरपालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मुल्याङ्कन, खर्च सम्बन्धी सम्पूर्ण कार्य कार्यविधि अनुसार गरी खर्च प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो भौ नं</th><th>भुक्तानीपाउनेको नाम</th><th>वापत</th><th>अनुदान प्रतिशत</th><th>रकम</th></tr>
<tr><td>१०२</td><td>श्री समीक्षा कृषक समुह</td><td>मकै पकेट कार्यक्रम</td><td>५० र ८५ प्रतिशत</td><td>११३२४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>नगरपालिका शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>५४.१</td><td></td><td></td><td>नगरपालिकाले शुन्य दरबन्दी विद्यालय भनी १६ वटा विद्यालयहरुमा निजी शिक्षक नियुक्ती गरी गो.भौ.नं. २ र गो.भौ.नं. ५ बाट रु ३३,७६,००० निकासा भएकोमा देखिएका व्यहोराहरु यस प्रकार छनः</td><td></td></tr>
<tr><td>५४.२</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट माध्यामिक तहको शिक्षकलाइ प्रति महिना रु. १७,००० आधारभूत तहको शिक्षकलाइ रु १०,००० तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट माध्यामिक शिक्षक १० आधारभूत तहका शिक्षक १९ निजि शिक्षकलाइ रु ३३,७६,००० तलब भत्ता भुक्तानी गरेको पाईयो। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.३</td><td></td><td></td><td>वढी तलव निकासा - नगरपालिकाले निजी स्रोत शिक्षकहरुलाई कार्तिक देख चैत्र सम्मको तलव भत्ता निकासा गर्दा निम्न विद्यालयहरुलाई तलव भत्ता बढी निकासा गरेकोले बढी निकासा भएको रकम रु १,३६,००० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>श्री ने रा आ वि पकडीया</td><td>४००००</td></tr>
<tr><td>श्री ने रा मा वि वेनौली</td><td>७८०००</td></tr>
<tr><td>श्री ने रा मा वि पिपरपाती</td><td>१८०००</td></tr>
<tr><td>जम्मा</td><td>१३६०००</td></tr>
</table></td><td>१३६,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>पारिश्रमिक कर - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ९९ बाट सोनालाल पटेललाई २०७८।७९ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रमको लागि अनुगमन तथा मुल्याङ्कन वापत भुक्तानी गर्दा अनुगमन भत्तामा १५ प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेकोले नियम अनुसार लाग्ने अग्रिम कर सम्बन्धितबाट असुल गरी संघीय</td><td>५,४९०</td></tr>
</table>

संचित कोष दाखिला गर्नुपर्ने रु

| भौचर नं | कर्मचारीको नाम | वापत | जम्मा रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|
| ९९ | श्याम प्रसाद यादव | अनुगमन तथा मुल्याङ्कन | ७२०० | १०८० |
| | रमेश कुमार यादव | अनुगमन तथा मुल्याङ्कन | ७२०० | १०८० |
| | हिरामुनी कुमारी शर्मा | अनुगमन तथा मुल्याङ्कन | ८४०० | १२६० |
| | सोनालाल पटेल | अनुगमन तथा मुल्याङ्कन | ८४०० | १२६० |
| | हासिम मिया अन्सारी | अनुगमन तथा मुल्याङ्कन | ५४०० | ८१० |
| **जम्मा** | | | | **५४९०** |

५६ **बढी भुक्तानी -** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण आरम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची ५ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। कार्यालयले भौचर नं १०७ बाट २ जना कर्मचारीलाई भ्रमण भत्ता रु ३१,५०० भुक्तानी गरेकोमा तर सोको पालना भएको नदेखिदा कार्यालयले पेश गरेको हाजिरी रजिस्टरबाट निम्म कर्मचारीको हाजिरी परीक्षण गर्दा काज दोहोरो परेको तथा कार्यालयमा हाजिरी भई भ्रमण खर्च लिएको देखिदा निम्न कर्मचारीबाट भ्रमण खर्च स्वरुप भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु ३,६००

| कर्मचारीको नाम | देखि | सम्म | दर | जम्मा | भुक्तानी | भुक्तानि हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| श्याम प्रससाद यादव | २०७८।१२।६ | २०७८।१२।८ | ३ दिन | १६०० | २०००० | १६४०० | ३६०० | २४ देखि २७ दोहोरो परेको |
| | २०७८।१२।१६ | २०७८।१२।१७ | २ दिन | १६०० | | | | |
| | २०७८।१२।२२ | २०७८।१२।२४ | ३ दिन | १६०० | | | | |
| | २०७८।१२।२७ | २०७८।१२।३१ | ४ दिन | १६०० | | | | |
| | २०७८।१२।२४ | २०७८।१२।२७ | ३ दिन | १६०० | | | | |
| | २०७८।११।६ | २०७८।११।७ | २ दिन | १२०० | | | | |
| | २०७८।११।१९ | २०७८।११।२१ | ३ दिन | १२०० | | | | |
| **जम्मा** | | | | | | | **३६००** | |

मिति २०७९-१२-२१ मा वृज प्रसाद वरै को १६०० सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको

५७ **बन्ध्याकरण शिविर संचालनः**

५७.१ नगरपालिका स्तरीय बन्ध्याकरण शिविर संचालन वापत गो.भौ.नं. ११ बाट नवल किशोर यादवलाई रु ४,०२,२०० भुक्तानी भएकोमा देखिएका

<table>
<tr><td></td><td></td><td></td><td>व्यहोराहरु यस प्रकार रहेका छन्</td><td></td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>ब्यानर वापत - नगरस्तरीय बन्धायकरण शिविर संचालन वापत रु ४,०२,२०० नवल किशोर यादवलाई भुक्तानी भएकोमा कुल खर्च रकमको २५ प्रतिशत अर्थात रु १,०२,००० ब्यानर प्रयोजनको लागि ए.के. जेनेरल अर्डर सप्लायर्स लाई मात्रै भुक्तानी गरेको छ । कुल खर्चको ठूलो अंश ब्यानरमा मात्रै खर्च भएको देखिएकोले यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गरी कार्यक्रमलाई मितव्ययी बनाइनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>भरपाई नभएको - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरस्तरीय बन्ध्याकरण कार्यक्रममा सहजकर्ता तथा स्रोत व्यक्ति वापत ३ दिनको नगर प्रमुखले रु ५१०० र लेखा प्रमुखले रु २५५० भुक्तानी लिएकोमा रकम बुझिलिएको नदेखिएकोले उक्त रकम सम्बन्धिबाट असुल गर्नुपर्ने रु</td><td>७,६५०</td></tr>
<tr><td>५७.४</td><td></td><td></td><td>बहाल कर - आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरस्तरीय बन्ध्यारकण शिविर स्चालनमा विरामी ओसार पसारको लागि रु ४५,००० गाडी भाडा भुक्तानी गरेकोमा नियम अनुसार लाग्ने बहाल कर रु ४५०० कट्टा गरी दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>४,५००</td></tr>
<tr><td>५७.५</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारि रकम खर्च लेख्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात संलग्न राखी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले संचालन गरेको नगरस्तरीय बन्ध्याकरण शिविर संचालन वापत नवल किशोर यादवलाई रु ४,०२,२०० भुक्तानी भएकोमा पेश गरेको विल भरपाई परीक्षण गर्दा जम्मा विल भरपाई रु ३,८६,२०० मात्र पेश गरेकोले बढी भुक्तानी भएको रकम रु १६,००० सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>१६,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) अनुसार पेश भएको विल भरपाई चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगर प्रमुख वृद्ध वृद्धा बचाउ अभियान अन्तर्गत निःशुल्क आँखा शिविर तथा मोतिविन्दुको शल्यक्रिया कार्यक्रम वापत नवल किशोर यादवलाई रु.१४०२०० भुक्तानी भएको छ । नगरपालिकाले र आँखा उपचार केन्द्र सिम्रौनगढको संयुक्त आयोजनामा संचालन भएको निःशुल्क आँखा शिविरमा खटिएका स्वास्थ्यकर्मी, कार्यालय सहयोगी तथा अनुगमनमा खटिएका जनप्रतिनिधि लगायत अन्य कर्मचारीहरुको भत्ता वितरणको भरपाई परीक्षण गर्दा कर्मचारीको नाम र दस्तखत बिना ९ दिनको १५०० का दरले १३,५०० कर कट्टा गरी रु ११,४७५ भुक्तानी भएको छ । यसरी नामनामेसी र दस्तखत विना भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु</td><td>११,४७५</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>पारिश्रमिक कर – आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक आयमा कर लाग्ने व्यवस्था छ । पालिकाले आय बर्ष २०७८।७९ मा निर्धारण गरेको आय सीमा भित्र रहेका निम्न कर्मचारीहरुलाई लाग्ने कर कटा नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>बार्षिक आम्दानी</th><th>कर योग्य काय</th><th>बार्षिक कर</th><th>कैफियत</th></tr>
<tr><td>डा सुनिल कुमार यादव</td><td>६४५७००</td><td>१९५७००</td><td>२९१४०</td><td>जेठ सम्मको तलव भत्ता भुक्तानी भएको</td></tr>
</table></td><td>२९,१४०</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>बढी तलव भुक्तानी - राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ को परिच्छेद ६ को बुँदा २० मा एम. आई. एस. अपरेटर र फिल्ड सहायकले निजामती सेवाको क्रमशः राजपत्र अनंकित प्रथम श्रेणी र द्धित्तीय श्रेणी सरहको सुरु तलव स्केल बराबरको तलव कार्यरत स्थानीय तहबाट प्राप्त गर्ने व्यवस्था उल्लेख गरिएको छ । कार्यालयले फागुन महिनाको तलव भत्ता भुक्तानी गर्दा मापदण्डमा भएको व्यवस्था भन्दा बढी तलव भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>३१,६९०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>कर्मचारीको नाम</th><th>तलव स्केल</th><th>भुक्तानी</th><th>बढी भुक्तानी</th></tr><tr><td>राकेश प्रसाद चौरासीया</td><td>३०२००</td><td>४०७५८</td><td>१०५५८</td></tr><tr><td>पिंकी दायव</td><td>३०२००</td><td>४०७५८</td><td>१०५५८</td></tr><tr><td>रामाकान्त प्रसाद यादव</td><td>२८६१०</td><td>३९१८४</td><td>१०५७४</td></tr><tr><td colspan="3">जम्मा</td><td>३१,६९०</td></tr></table> | |
| ६१ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ६१.१ | | | **सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ९ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न एन एम बि वैंकलाई चार त्रैमासिकको जम्मा रु. ९,६८,३१,३२९ बैकमा निकासा भई लेखापरीक्षणको क्रमसम्म जम्मा खर्च रु. ८,१७,८८,०१९ वितरण भई बैकले वितरण गर्न बाँकी रकम रु. १,५०,४३,३१० रहेकोमा देखिएका व्यहोरा निम्न छन्: | |
| ६१.२ | | | **लगत कट्टा** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घट्नना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर नगरपालिकाले समयमा नै लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अतः नगरपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनुपर्दछ । | |
| ६१.३ | | | **रकम भुक्तानी तथा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १४ मा स्थानीय तहले कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकास/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको प्रतिवेदन पेश गर्नुपर्ने साथै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहको अनुसुची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसुची ८ बमोजिमको फर्वड फिडको आधरमा गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले अघिल्लो त्रैमासिक निकास हिसाव मिलान र फर्वड फिड नगरी अर्को निकासा दिएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको पालना गर्नुपर्दछ | |
| ६१.४ | | | **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यमा प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरेको देखिएन । अतः नगरपालिकाले यस सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण कार्य समयमा नै सम्पन्न गर्न पहल गर्नुपर्दछ । | |
| ६१.५ | | | **रकम फ्रिज** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाबै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्नेछ । आर्थिक बारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैक संगको हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्नेछ । भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले एक आर्थिक बर्षमा खर्च गर्न नसकी बाँकी रहेको रकम लेखापरीक्षणको क्रमसम्म पनि वितरण गरिरहेको छ । कार्यविधिको परिपालना गरी बाँकी रहेको रकम एकिन गरी संघीय संचित कोष फिर्ता गर्नुपर्दछ । | |
| ६२ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ६२.१ | | | रकम फिर्ता- <br> ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. १,५०,४३,३१०।- सम्परीक्षण गरिएको ।) | ० |
| ६२.२ | | | **पारदर्शीता कायम -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय अतिरिक्त सम्बन्धित वडा कार्यालयलमा समेत सार्वजनिक गरी भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पारदर्शि बनाउनुपर्दछ । | |
| ६२.३ | | | **लाभग्राहीको नाम नभएको -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २४ मा छनौट भएको वैक तथा वित्तीय संस्थाले स्थानीय तहबाट अनलाइन प्रणाली मार्फत लाभग्राहीको विवरण प्राप्त गर्ने र उक्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको नाममा निजको उपस्थिति विना शुन्य मौज्दातमा बचत खाता खोलेर रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको वडा नं १ र ३ को प्रथम र तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed गरेको विवरण परिक्षण गर्दा निम्न वडाका निम्न संख्याको खाता नम्बर र लाभग्राहीको नाम उल्लेख गरेको नदेखिएकोले यस सम्बन्धमा लाभग्राहीको खाता नखोल्नुको कारण एकिन गरी सो बितरण भएको वा संघिय सञ्चित कोष फिर्ता दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ । | |

| किस्ता | वडा नं. | लाभग्राहीको नाम र खाता नम्बर दुवै नभएको संख्या | रकम |
|---|---|---|---|
| प्रथम | १ | ३५ जना | ३५८९९२ |
| तेस्रो | १ | ४१ जना | ४३५७२० |
| प्रथम | ३ | ५ जना | ४५५७६ |
| तेस्रो | ३ | ४ जना | ४३९८० |
| **जम्मा** | | | ८८४२६८ |

| | | | | |
|---|---|---|---|---|
| ६२.४ | | | **बैक खाता नखोलेको -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २४ मा छनौट भएको वैक तथा वित्तीय संस्थाले स्थानीय तहबाट अनलाइन प्रणाली मार्फत लाभग्राहीको विवरण प्राप्त गर्ने र उक्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको नाममा निजको उपस्थिति विना शुन्य | |

<table>
<tr><td></td><td></td><td></td><td>मौज्दातमा बचत खाता खोलेर रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको वडा नं १ र ३ को प्रथम र तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed गरेको विवरण परिक्षण गर्दा निम्न वडाका निम्न लाभग्राही संख्याको खाता खोलेको देखिएन । अतः बैकले खाता नखोली बैकको आफ्नै खातामा रकम राखेको देखिएकोले यस सम्बन्धमा लाभग्राहीको खाता नखोल्नुको कारण एकिन गरी सो बितरण भएको वा संचिय सञ्चित कोष फिर्ता दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>किस्ता</th><th>वडा नं.</th><th>खाता नं नभएको संख्या</th><th>रकम</th></tr>
<tr><td>प्रथम</td><td>१</td><td>१०९ जना</td><td>२७७७०४</td></tr>
<tr><td>तेस्रो</td><td>१</td><td>१८० जना</td><td>५६३२००</td></tr>
<tr><td>प्रथम</td><td>३</td><td>५६ जना</td><td>१३६६७०</td></tr>
<tr><td>तेस्रो</td><td>३</td><td>६८ जना</td><td>१८४१६५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११६१७३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>आन्तरिक राजस्व तर्फ</td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td></td><td>स्रेस्ता तथा अभिलेख - पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।<br>• म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता<br>• म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)<br>• म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता<br>• म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब</td><td></td></tr>
<tr><td>६३.२</td><td></td><td></td><td>म.ले.प फारम - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.नं. १०२ देखि १०८ सम्मका खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६३.३</td><td></td><td></td><td>सेवा प्रवाह र आम्दानी - नगरपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६३.४</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 51 मा ऐन वमोजिम राख्रुपर्ने प्रत्येक कारोवारको लेखा</td><td></td></tr>
</table>

राख्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७९ आषाढमा कति रसिद बाँकी थिए २०७८।०७९ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।

६३.५ **वडा तथा नगरपालिका आम्दानी** - पालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु.१५,८७,५५३ र नगरपालिका तर्फ रु.४२,१६,८४९ गरी जम्मा रु. ५८,०४,४०२ राजश्व संकलन भएको छ । पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुँदा वडा कार्यालय तथा पालिका कार्यालयमा के कती रसिद प्रयोग भए र के कती बाँकी छन भन्ने व्यहोरा खुल्न सकेन । नगदी रसिद तथा मालपोत रसिद गत बर्ष कति बाँकी थियो र कति प्रयोग गरियो भन्ने व्यहोरा समेत खुल्न सकेन । रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा अनुगमन गरिएको पनि छैन । तसर्थ आन्तरिक आयको प्राप्ती र बैकं दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा आन्तरिक आयको यथार्थताको एकिन गर्न सकिएन । उल्लिखित कमजोरी समयमै सुधार हुनुपर्दछ ।

६३.६ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन गरेकोमा सो सम्बन्धी कुनै कार्यविधि तयार गरेको पाइएन । मेशिनहरु पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि।डोजर | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | ९५०० | नखुलेको |
| २ | एम्बुलेन्स | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | ८३१०० | नखुलेको |
| ३ | ग्रेडर | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | १४०००० | नखुलेको |
| ४ | रोलर | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | ४२००० | नखुलेको |
| ५ | ट्याक्टर २ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | २८००० | नखुलेको |
| ६ | टिप्पर १ | नखुलेको | नखुलेको | नखुलेको | नखुलेको | ० | नखुलेको |

६३.७ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका

<table>
<tr><td></td><td></td><td></td><td>व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६३.८</td><td></td><td></td><td>सवारी कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>आन्तरिक आय तर्फ</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>सम्पति कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०७८।७९ मा पालिकाले कुनैपनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.२</td><td></td><td></td><td>मनोरञ्जन कर- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.३</td><td></td><td></td><td>घर जग्गा बहाल कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा पालिकाले कुनै पनि घर जग्गा बहाल कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बहाल कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४.४</td><td></td><td></td><td>वहाल विटौरी कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको ह्याट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा पालिकाले कुनैपनि बहाल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>पोखरी ठेक्का</td><td></td></tr>
<tr><td>६५.१</td><td></td><td></td><td>आय ठेक्का - नगरपालिका अन्तर्गत रहेका निम्न मा पोखरीमा आर्थिक बर्ष २०७५।७६ मा आय ठेक्कामा ५ बर्षको लागि लगाइएकोमा प्रत्येक बर्ष प्रति किस्ता रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्नेमा माछा पोखरीको आम्दानी प्राप्त गरेको नदेखिएकोले निम्न माछा पोखरीहरुबाट बक्यौता रहेको रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला भएको भौचर पेश गर्नुपर्ने रु<br>
<table>
<tr><th>माछा पोखरीको नाम</th><th>ठेकेदारको नाम</th><th>अवधी</th><th>किस्ता रकम</th></tr>
<tr><td>भिखना माछा पोखरी</td><td>देविलाल बैठा</td><td>५ बर्ष</td><td>७५००००</td></tr>
</table></td><td>७५०,०००</td></tr>
<tr><td>६५.२</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर - मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी संघीय संचित कोषमा दाखिला हुनुपर्नेमा निम्न आय ठेक्कामा नगरपालिकाले मुल्य अभिवृद्धि कर रकम नउठाएकोमा असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु.<br>
<table>
<tr><th>हटियाको नाम</th><th>ठेकेदारको नाम</th><th>अवधी</th><th>कबोल अंक</th><th>मु.अ.कर रकम</th></tr>
</table></td><td>५८६,४९५</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कोइलाही माछा पवखरी</td><td>वृज मत्स्य फर्म</td><td>५ बर्ष</td><td>७०५०००</td><td>९१६५०</td></tr>
<tr><td>पिपरपाती माछा पवखरी</td><td>मंसुर मत्स्य फर्म</td><td>५ बर्ष</td><td>३००१५००</td><td>३९०१९५</td></tr>
<tr><td>इमलिया र बेलुवा माछा पोखरी</td><td>वृज मत्स्य फर्म</td><td>५ बर्ष</td><td>८०५०००</td><td>१०४६५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५८६४९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.३</td><td></td><td></td><td>
धरौटी रकम - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६३ अनुसार कार्यालयको नाममा प्राप्त हुने धरौटी रकम कोष तथा लेखा नियन्धण कार्यालयको नाममा रहको एकल कोष धरौट्टि खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी स्वरुप चुक्ता गरेको एक किस्ता वापतको रकम आन्तरिक राजस्वा खातामा आम्दानी बाँधी राखेको छ । यसरी ठेक्काको धरौटी स्वरुप राखेको रकम धरौटी खातामा आम्दानी नबाँधी राजस्व खातामा राखेको देखिएकोले उक्त रकम धरौटी खातामा जम्मा गरी धरौटीको हिसाब चुस्त दुरुस्त बनाइनुपर्दछ ।
<table>
<tr><th>हटियाको नाम</th><th>ठेकेदारको नाम</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>कोइलाही माछा पवखरी</td><td>वृज मत्स्य फर्म</td><td>धरौटी वापत</td><td>७०५००</td></tr>
<tr><td>इमलिया र बेलुवा माछा पोखरी</td><td>वृज मत्स्य फर्म</td><td></td><td>८०५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,५१,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>
धरौटी फिर्ता - सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम निर्माण ब्याबसायीको रिटेन्सन मनि बापत बिलबाट कट्टी गरि राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिनुपर्नेमा निर्माण ब्याबसायिले कर बिबरण पेश गरेको प्रमाण वेगर मागको आधारमा निम्नानुसारको धरौटी फिर्ता गरेको देखियो । तसर्थ धरौटी फिर्ता गर्दा कानूनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।
<table>
<tr><th>गो भौ नं</th><th>पार्टीको नाम</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१०</td><td>ए एण्ड ए ट्रेडर्स</td><td>विभिन्न काम</td><td>८९०००</td></tr>
<tr><td>आरुष एण्ड आरुषी</td><td>विभिन्न काम</td><td>४०९५८०</td></tr>
<tr><td rowspan="5">११</td><td>अंजली मेडिकल हल</td><td>औषधी खरिद</td><td>१२५०००</td></tr>
<tr><td>आमना ट्रेडर्स</td><td>औषधी खरिद</td><td>४७३५१</td></tr>
<tr><td>आमना फार्मर्सि</td><td>औषधी खरिद</td><td>२९२०००</td></tr>
<tr><td>एमोलो फार्मेसी</td><td>औषधी खरिद</td><td>१८००००</td></tr>
<tr><td>हाम्रो सर्जिकल</td><td>औषधी खरिद</td><td>४७३५१</td></tr>
<tr><td>१५</td><td>बोदिमाई कन्सट्रक्शन</td><td>वर्थिङ्ग सेन्टर निर्माण</td><td>२५२३२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>१६</td><td>जानकी कन्सट्रक्शन</td><td>पोलतार जडान कार्य</td><td>७७८९१८</td></tr><tr><td>१८</td><td>ए एण्ड ए ट्रेडर्स</td><td>विभिन्न काम</td><td>५४२२०</td></tr><tr><td colspan="3">जम्मा</td><td>२२७५७४४</td></tr></table> | |
| ६७ | | | **सम्परीक्षण -** पालिकाले लेखापरीक्षण टोलीसमक्ष सम्परीक्षणको लागि कुनै अनुरोध गरेको छैन । | |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | ६५ थान बेन्च डेस्क बितरण गरेको भर्पाई पेश गर्नुपर्ने भनी प्रारम्भिक प्रतिवेदनमा औल्याईएकोमा प्रतिक्रियाको क्रममा मलेपफान ४०६ हस्तान्तरण फारामबाट ६४ थान मात्र डेस्क बेन्च हस्तान्तरण भएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा (NAMS) मा अपलोड भएकोले बाँकी १ थान को रु ७५९९ अशुल गर्नुपर्ने रु | ७५९९ |